# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १६४ | काठमाडौं | बिहीबार, १७ असोज २०८१ | Prabhab National Daily | Thursday, October 03, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# बाढीपीडितलाई गाँसकोभन्दा बासको चिन्ता



■ मधु शाही

**काठमाडौं–** हिलाम्मे भुइँमा नीता सिजालीले मागेर ल्याएको जुटका बोरा बिच्छ्याएकी छन् । रात परेपछि त्यही बोरामा बाबा, आमा र छोराछोरी लस्करै सुत्नुपर्छ । सुतिरहेको बेला कहिले कुकुर आएर सुत्छन्, कहिले लामखुट्टे कानमा भुनभुनाउन थाल्छन् । कुकुर र लामखुट्टेको डरभन्दा पनि सिजालीलाई छोराछोरीको स्वास्थ्य र सुरक्षाको डरले चिन्तित बनाउँछ ।

आफन्तीको छाप्रोमा आश्रय पाएकी सिजालीको परिवार चुक्कुलबिनाको छाप्रोको भुइँमा रात बिताउन बाध्य छन् । 'मान्छे र कुकुरमा केही फरक छैन । बाढीले घरबास सबै बगाएपछि अहिले कुकुरसँग रात बित्न थालेको छ । कुकुरलाई धपाउन सकिन्छ, यो वर्षाको समयमा छोराछोरीको स्वास्थ्य, सुरक्षा कसरी गर्ने भन्ने डर लाग्छ,' सिजालीले भनिन् ।

शुक्रबार आएको बाढीले ललितपुरस्थित नख्खुखोला किनारमा रहेको छाप्रो बगाएपछि सिजालीको परिवार विस्थापित बनेको छ । सिन्धुली स्थायी घर भएर काठमाडौंमा मजदुरी गर्ने उनको परिवारलाई अहिले न घर जाने अवस्था छ, न यहाँ सुरक्षित बस्ने व्यवस्था नै । बाढीले सबै बगाएर लगेपछि उनीहरूको शरीरमा एक सरो लुगाबाहेक आफ्नो भन्ने केही छैन । आफन्तीको छाप्रोमा आश्रय पाउनु अहिलेको समयमा सौभाग्य भएको सिजालीले बताइन् ।

खोलाले सुरुको दिन आँगन भिजाएको थियो । केही समयमा पानी सुकेपछि बाढी नआउने विश्वासले उनीहरू राति मस्त निद्रामा परे । निदाएका बेला अचानक आएको बाढीले बस्ती बगाएको सिजालीले बताइन् । 'खासै पानी नपर्ला भनेर ढुक्कले सुत्यौं,' उनले भनिन्, 'खोला अचानक झुक्याएर आयो । सबै बगाएर लग्यो ।'

ललितपुरस्थित फूलबारी मार्ग–२५ मा बस्ने नरबहादुर सिजाली मगरको छ जनाको परिवार अलपत्र परेको छ । 'कहाँ बस्ने ? के खाने ?,' उनले प्रश्न गरे, 'दिनभरि उज्यालोमा डर लाग्दैन । रातपरेपछि खोलामा फेरि बाढी आयो भने छोराछोरी र श्रीमतीको सुरक्षा कसरी गर्ने भन्ने चिन्ताले सताउँछ ।

(क्रमशः पृष्ठ २ मा)

> कहाँ बस्ने ? के खाने ? दिनभरि उज्यालोमा डर लाग्दैन । रातपरेपछि खोलामा फेरि बाढी आयो भने छोराछोरी र श्रीमतीको सुरक्षा कसरी गर्ने भन्ने चिन्ताले सताउँछ । रातभरि निद्रै लाग्दैन ।
>
> ■ **नरबहादुर सिजाली मगर**
> **बाढीपीडित, नख्खु**

> वडाले खाना खुवाउँछ तर, कहाँ रात बिताउछौं भनेर सोध्दैन । फेरि पानी पर्‍यो भने ओत लाग्ने थलो छैन । आश्वासनमात्र नदिएर तत्काल हामीजस्ता पीडितलाई राहतको व्यवस्था गरिदेओस् ।
>
> ■ **चतुरराम माझी**
> **बाढीपीडित, नख्खु**

# बिपी राजमार्ग खुल्ने अनिश्चित

> नेपालथोकदेखि भकुण्डेसम्म सडकमा ठूलो समस्या छ । करिब तीन किलोमिटर सडक पूर्णरूपमा क्षति भएको छ । त्यस स्थानमा वैकल्पिक मार्ग बनाएर सवारी आवागमन सहज बनाउने प्रयासमा लागेका छौं ।
>
> ■ **लेखनाथ दाहाल**
> **प्रतिनिधिसभा सदस्य**

> राजमार्ग तत्काल खुलाउन सजिलो छैन । रोशी खोला घटे डाइभर्सन बनाउने हो । तर पानी घटेकै छैन । दसैं अगाडि बाटो खुलाउनेगरी काम सुरु गरेको भए पनि त्यो सम्भव देखिँदैन ।
>
> ■ **दुर्गाप्रसाद दाहाल**
> **फिल्ड इन्जिनियर**



**बाढीले क्षतिग्रस्त बिपी राजमार्गमा ट्र्याक खुलाउने काम हुँदै ।** *तस्बिर सौजन्यः सुब्बा लामा*

■ प्रभाव संवाददाता

**काठमाडौं–** आजबाट दसैं पर्वको उत्सव सुरू भए पनि बिपी राजमार्ग भएर चाड मान्न घर जाने तयारीमा रहेकाहरू खुसी छैनन् । कारण, देशको राजधानीसँग मधस प्रदेशका अधिकांश तथा पूर्वका प्रायः सबै जिल्लालाई जोड्ने सबैभन्दा छोटो दूरीको उक्त राजमार्ग खुल्ने विषय अनिश्चित छ । असोज १२ को बाढीपहिरोले क्षतिग्रस्त भएको बिपी राजमार्ग तत्काल खुल्ने सम्भावना नदेखिएको हो ।

बनेपा-सिन्धुली-बर्दिबाससम्मको यस राजमार्गको १४ स्थानमा बाढीपहिरोले ठूलो क्षति पुऱ्याएको पाइएको छ । त्यसैले दसैंअघि खुल्ने सम्भावना लगभग टरेको छ । यद्यपि, बाढीले बगाएको क्षेत्रमा डाइभर्सन बनाएर भए पनि सडक खुलाउने प्रयास भने जारी रहेको सिन्धुलीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य लेखनाथ दाहालले बताए । काम सन्तोषजनकरूपमा अघि नबढेको दाहालको भनाइ छ । 'दसैं अगाडि नै बाटो खुलाउनेगरी काम सुरू गरेको भए पनि सोचेअनुसारको प्रगति देखिँदैन,' उनले प्रभावसँग टेलिफोनमा भने ।

सडक विभागले धुलिखेलबाट चौकीडाँडासम्मको बाटो एकतर्फी खुलाएर अहिले रोशीमा डाइभर्सन निकाल्ने तयारी गरिरहेको छ । तर, समस्या निकै जटिल रहेको सडक डिभिजन कार्यालय भक्तपुरका प्रमुख सुमन योगेशले बताए । 'धुलिखेलबाट हामीले बाटो खुलाउँदै चौकीडाँडासम्म पुऱ्याएका छौं । यहाँ एक-दुई दिनमा दुइतर्फी बाटो चल्छ । त्यहाँबाट डाइभर्सन बनाउनसके अर्को बाटोमा जोडिन्छ र भकुण्डेबेंसी पुग्ने हाम्रो अनुमान छ,' उनले भने ।

योगेशका अनुसार चौकीडाँडादेखि पूर्वतिर विभिन्न ११ ठाउँमा दुई किलोमिटरभन्दा बढी सडकको नामोनिसान छैन । खुर्कोट-नेपालथोक, नेपालथोक-भकुण्डेबेंसी र भकुण्डेबेंसी-धुलिखेल खण्डको दुई हजार ५०० मिटर सडक रोशीको बाढीले पूरै बगाएको छ । (क्रमशः पृष्ठ २ मा)

## पृथ्वी राजमार्गमा चाप

■ शंकर श्रेष्ठ

**धादिङ–** साना तथा मझौला सवारीबाट देशका पूर्वी जिल्ला आवतजावत गर्ने बिपी राजमार्ग बाढीले बगाएर ठप्प भएपछि त्रिभुवन राजपथ र पृथ्वी राजमार्गमा सवारीको चाप बढेको छ । त्रिभुवन राजपथको नौबिसे-नागढुंगा खण्ड र पृथ्वी राजमार्गको नौबिसे-मुग्लिन खण्डमा सवारीको चाप बढेको हो ।

झयाप्ले खोलाको पहिरोका कारण चार दिनसम्म रोकिएका सवारीको चाप त छँदै छ त्यसमाथि बिपी राजमार्गमा चल्ने सवारी पनि थपिँदा पृथ्वीराजमार्ग झन व्यस्त बनेकाले सम्भावित दुर्घटना हुन नदिन ६० जना प्रहरी थपगरी राजमार्गमा परिचालन गरिएको धादिङका प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले बताए ।

साना तथा मझौला सवारीलाई मात्रै चल्नेअनुमतिभएकोबिपीराजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको रोशी खोलाले सडकको नामनिसाना नरनेगरी बगाएपछि पूर्वका जिल्ला आवतजावत गर्ने सवारीले नागढुंगा-मुग्लिन सडक प्रयोग गर्न बाध्य भएका हुन् । सर्लाही, महोत्तरी, धनुषा, सुनसरी, मोरङ, पाँचथर, तेह्रथुम, झापालगायत आवतजावत गर्ने सवारीले काठमाडौंको नागढुंगा, धादिङको नौबिसे, चितवनको मुग्लिनबाट नारायणगढ र मकवानपुरको हेटौंडा हुँदै महोत्तरीको बर्दिवास पुगेर आ-आफ्नो गन्तव्यतिर लाग्ने गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# रोजगारीका लागि युरोप जानेको संख्या बढ्दो

### मागपत्र प्रमाणीकरणमा समस्याले संस्थागतरूपमा जानेको तुलनामा व्यक्तिगत श्रम स्वीकृति लिएर जाने धेरै

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीका लागि युरोप जाने नेपालीको संख्या दिनानुदिन बढ्दै गएको देखिएको छ । वैदेशिक रोजगार विभागको पछिल्लो तथ्यांकमा यस्तो देखिएको हो । यद्यपि, युरोपमा मागपत्र प्रमाणीकरणको समस्या रहेकाले व्यक्तिगत श्रम स्वीकृतिमा जानेको संख्या बढेको पाइएको छ ।

युरोपेली मुलुक रोमानिया नेपालीहरूको आकर्षक श्रम गन्तव्य रहे पनि त्यहाँ संस्थागत (म्यानपावरबाट) भन्दा पनि व्यक्तिगत श्रम स्वीकृति लिएर रोजगारीका लागि जाने गरेको देखिएको छ । नेपाल र रोमानियाबीच द्विपक्षीय श्रम सम्झौता भए पनि पछिल्लो समय व्यक्तिगतरूपमा जाने कामदारको संख्या बढेपछि सरकारले निगरानीसमेत बढाएको छ ।



व्यक्तिगत श्रम स्वीकृतिले जोखिम बढाउने भन्दै म्यानपावरबाट भन्दा पनि व्यक्तिगतरूपमा जानेको संख्या बढ्नुको कारण खोजी गर्नुपर्ने अवस्था आएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । व्यक्तिगतरूपमा रोमानिया जाने नेपालीको संख्या उच्च देखिएकाले यसलाई सूक्ष्मरूपमा हेर्न खोजिएको छ,' उनले भने, 'व्यक्तिगतरूपमा जानेहरू चर्को आर्थिक भारमा नपरून्, नठगिऊन् र सुरक्षित रोजगारीको प्रत्याभूति हुनुपर्छ भनेर केही प्रोटोकल व्यवस्था गर्न खोजिएको छ ।'

विभागको तथ्यांकअनुसार रोजगारीका लागि रोमानिया जाने नेपालीको संख्या उच्च दरले बढेको छ । विभागका अनुसार आव २०७८/७९ मा व्यक्तिगत श्रम स्वीकृति लिएर रोमानिया जाने नेपालीको संख्या एक हजार २४५ जना थियो । आव २०७९/८० मा यो संख्या पाँच हजार ४२९ पुग्यो भने गत आव २०८०/८१ मा झनै बढेर आठ हजार ४६४ पुगेको छ । पछिल्लो तीन वर्षको विवरण हेर्ने हो भने पनि व्यक्तिगतरूपमा रोमानिया जाने कामदारको संख्या ठूलो देखिन्छ ।

व्यक्तिगतरूपमा रोमानिया जाने नेपालीको संख्या बढ्दै गए पनि म्यानपावरमार्फत जाने संख्यामा कमी आएको छ । आव २०७८/७९ मा म्यानपावरले पाँच हजार १६६ जनालाई रोमानिया पठाएका थिए । आव २०७९/८० मा यो संख्या बढेर सात हजार ७०८ पुगे पनि गत आवमा चार हजार २३६ जनामात्रै म्यानपावरबाट रोमानिया पुगे ।

(क्रमशः पृष्ठ २ मा)

# साउदीमा सचेतनामूलक कार्यक्रम

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी पुगेका नेपाली कामदारहरूको सामाजिक सुरक्षाका सम्बन्धमा रियादस्थित नेपाली दूतावासले साउदीको सम्बन्धित पक्षसँग अन्तरक्रिया गरेको छ । साउदी अरबमा कार्यरत रहँदा कार्य-दुर्घटनामा परी घाइते तथा अंगभंग हुने कामदार तथा मृत्यु हुने कामदारका हकवालाले पाउने सामाजिक सुरक्षा विमा (गोसी) सम्बन्धमा छलफल भएको दूतावासले जनाएको छ ।

कार्य-दुर्घटना हुन नदिन तथा कम गर्न अपनाउनु पर्ने सावधानीका बिषयमासमेत दूतावास र गोसीअन्तर्गतको जनरल डिपार्टमेन्ट अफ इन्स्योरेन्स अवेरनेसबीच सचेतनामूलक कार्यशाला सञ्चालन गरिएको दूतावासद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । उक्त कार्यशालामा गोसीका मह अलखातिब र अबदुल्लरहमान अलोतैबीले कामदारलाई दिने साउदी सरकारको सामाजिक सुरक्षा बिमा, यसले समेट्ने क्षेत्र, कार्यदुर्घटनामा परी घाइते भएमा, अंगभंग भएमा वा मृत्यु भएमा प्राप्त हुने सुविधालगायतको विषयमा विद्यमान व्यवस्थाको सम्बन्धमा जानकारी दिएको दूतावासले बताएको छ ।

साथै गोसीका सम्बन्धमा साउदी सरकारले हालै गरेको संशोधनको विषयमासमेत जानकारीमूलक छलफल भएको बताइएको छ । अबदुल्लरहमान अलोतैबीले विभिन्न नियोगहरूसँगको सहकार्यमा गरिएको उल्लेखित कार्यक्रम पहिलो भएको बताउँदै निकट भविष्यमा दूतावाससँगको सहकार्यमा धेरैभन्दा धेरै नेपाली कामदारलाई समेट्नेगरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताएको दूतावासले जनाएको छ ।




## पृष्ठ १ बाट क्रमशः

### बिपी राजमार्ग...

फिल्डमा खटिएका इञ्जिनियर दुर्गाप्रसाद दाहालका अनुसार सोचेभन्दा ठूलै क्षति भएकोले यसै भन्न सकिने अवस्था नरहेको उल्लेख गरे । 'चौकीडाँडासम्म हामीले अस्ति नै बाटो खुलाएको हो । चारसयबेसीबाट बाटो छैन । त्यहाँबाट रोशीले बाटो कति लगेको छ भनेर हेर्ने हो भने केही देखिँदैन,' इञ्जिनियर दाहालले भने । यद्यपि, सडक विभागले बिहीबारबाट चार स्थानमा काम सुरू गर्ने तयारी गरेको छ । 'चौकीडाँडा, नेपालथोक, सिन्धुलीतिरबाट पनि काम हुँदै छ । अब कटुञ्जेमा पनि काम थाले चार ठाउँमा हुन्छ,' उनले भने । इञ्जिनियर दाहालका अनुसार रोशी खोला घटेमात्र डाइभर्सन बनाउन सम्भव देखिन्छ । नभए बाटो खुलाउने सम्भावना देखिन्न । 'रोशी खोला घटे डाइभर्सन बनाउने हो । बाटो खुल्ने सम्भावना हुने हो । तर, पानी घटेकै छैन,' उनले भने ।

काभ्रे प्रशासनकाअनुसार गोलञ्जोर गाउँपालिकाको माथिल्लो बारादेखि नेपालथोक दुम्जासम्मको सडकमा मात्रै ४० ठाउँमा लेदोमाटो, गेग्रचान र ढुंगामाटो खसेको छ । नेपालथोक दुम्जा, टुप्पीडाँडा, कमेरेफाँट झाँगाझोली रातमाटा, बोहोरेटार, माथिल्लो बारा, तल्लोबारालगायत स्थानमा खसेको पहिरो पूर्णरूपमा हटाउन सकिएको छैन । सडकमाथिबाट खसेको पहिरो थुप्रो लागेको छ । राजमार्गका ठाउँठाउँमा सडकमाथिबाट बेलाबेलामा ढुंगा, लेदोमाटोसमेत झरिरहन्छ । जापान सरकारको सहयोगमा १९ वर्ष लगाएर बनाइएको राजमार्ग तीन दिनको वर्षाले तहसनहस बनाइदिएको हो ।

महोत्तरीको बर्दिवासदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको कूल १६० किलोमिटर लामो राजमार्गलाई चार खण्ड (पहिलो खण्ड बर्दिवास-सिन्धुलीमाढी ३७ किलोमिटर, दोस्रो खण्ड सिन्धुलीमाढी-खुर्कोट ३९ किलोमिटर, तेस्रो खण्ड सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किलोमिटर र चौथो खण्ड नेपालथोकदेखि काभ्रेको धुलिखेलसम्म ५० किलोमिटर) मा विभाजन गरेर निर्माण गरिएको थियो ।

यसमध्ये तेस्रो खण्ड सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किलोमिटर र चौथो खण्ड नेपालथोकदेखि काभ्रेको धुलिखेलसम्म ५० किलोमिटर सडकको विभिन्न भागमा बढी क्षति पुगेको छ । बिपी राजमार्गको पहिलो खण्ड बर्दिवास-सिन्धुलीमाढी ३७ किलोमिटर बाढीपहिरोले क्षति गरेको थिएन । यो खण्ड दुईतर्फ नै सञ्चालनमा छ । दोस्रो खण्ड सिन्धुलीमाढी-खुर्कोट ३९ किलोमिटर सडकको माथिल्लो बारा, तल्लो बारा क्षेत्रको सात ठाउँमा सानाठूला पहिरो खसेका थिए । दुई ठाउँमा खसेको ठूलो पहिरो एकतर्फ पन्छाएर सडक सञ्चालन गरिएको छ ।

तेस्रो खण्ड खुर्कोट-नेपालथोकको विभिन्न भागमा कतै पहिरो पन्छाएर र भत्किएको ठाउँमा अस्थायी डाइभर्सन बनाएर एकतर्फी यातायात सञ्चालनमा ल्याइएको छ । खुर्कोट-नेपालथोक खण्डको सुनकोसी गाउँपालिका-७ कानढुंग्रीमा चिराचिरा परेर सुनकोसी नदीतर्फ धसिएपछि सोही सडकको भित्तातर्फ डाइभर्सन बनाएर एकतर्फी सडक सञ्चालन गरिएको छ । नेपालथोक-धुलिखेल खण्डको काभ्रे र सिन्धुलीको सिमाना छेउ नेपालथोक देविस्थानमा रोशी र घ्याम्पे खोलाले बगाएको सडक सञ्चालन गर्न मंगलबारबाट ट्र्याक खोल्न थालिएको हो । सडक डिभिजन कार्यालयका अनुसार यस कामका लागि ११ वटा एक्साभेटर परिचालन गरिएको छ ।

यो ट्र्याक खुले काभ्रेको मंगलटारसम्म सवारी सञ्चालन हुने र भकुण्डबेंसीदेखि रोशी खोलासम्मको १० किलोमिटर क्षेत्रमा बगाएको सडकमा ट्र्याक खोल्नुपर्ने हुन्छ । बर्दिवासदेखि धुलिखेलसम्मको तीन खण्डको ११० किलोमिटर सडकमा यातायात सञ्चालन गर्न सकिने र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको छ । नेपालथोकबाहेक यो खण्डमा छ स्थानमा रोशीको बाढीले कालोपत्रसहितको सडकमा पूर्णरूपमा क्षति गरेको छ । नेपालथोक-धुलिखेल खण्डमा डेढ किलोमिटर सडक पूर्ण क्षति भएको अनुमान छ । सबैभन्दा बढी काभ्रेको चौकीडाँडामा आधा किलोमिटर सडक रोशीको बाढीले खसालेको छ । रोशी गाउँपालिकाको कालढुंगा र बोक्सीकुनामा २०० मिटरभन्दा बढी सडकमा पूर्ण क्षति भएको छ ।

थली बेसीमा पनि रोशी खोलाले २०० मिटर र नार्के पुल नजिक २०० मिटरको हाराहारीमा सडक रोशी खोलाको बाढीले बगाएको छ । वि.सं. २०५० को भीषण वर्षाले राजधानीलाई देशको अन्य भागसँग जोड्ने त्रिभुवन राजपथ तथा पृथ्वी राजमार्गमा व्यापक क्षति भई जनजीवन अस्तव्यस्त र सडक सम्पर्क टुटेपछि नेपाल सरकारले बिपी राजमार्गलाई वैकल्पिक मार्गका रूपमा विकास गरेको थियो ।

यो पटकको विपत्तिले ठूलो क्षति पुऱ्याएको छ । ठाउँ-ठाउँमा पूरै पुनर्निर्माण गर्नुपर्ने देखिन्छ । रोशीको किनारामा कता कस्तो अवस्था छ अझै मूल्यांकन गर्न सकिने अवस्था छैन । दसैं अगाडि नै बाटो खुलाउनेगरी काम सुरू गरेको भए पनि सोचेअनुसारको प्रगति देखिँदैन । नेपालथोक, मंगलटार, भकुन्डेबेंसीमा सडक खुलाउने कार्य जारी छ । भकुन्डेबेंसी भएर तिमाल हुँदै माम्तीका पुल भएर सवारी चलाउनेबारे पनि छलफल चलिरहेको सांसद दाहालले बताए ।

#### मन्त्रीहरू छलफलमा

बाढीपहिरोले अवरुद्ध सडक मर्मत गरी यातायात सहज बनाउने विषयमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल र रक्षामन्त्री मानवीर राईबीच छलफल भएको छ । बुधबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको छलफलमा क्षतिग्रस्त सडकको मर्मत र निर्माणका लागि दुवै मन्त्रालयबीच सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

मन्त्री दाहालको सचिवालयले दिएको जानकारीअनुसार चाडपर्वको बेला भएकाले जतिसक्दो चाँडो सडक मर्मत तथा निर्माण गरी यातायात सहज बनाउन रक्षा मन्त्रालयले पनि सहयोग गर्ने भएको छ । बिपी राजमार्गका क्षतिग्रस्त विभिन्न स्थान मर्मतका लागि आवश्यक परे रक्षा मन्त्रालयमार्फत नेपाली सेनाको सहभागिता गराई सवारी आवागमन सहज बनाउन दुवै मन्त्रीबीच छलफल भएको हो । छलफलमा मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक रामहरि पोखरेललगायत अधिकारीसमेत सहभागी थिए ।

●●●

### पृथ्वी राजमार्गमा...

बिपी राजमार्ग सञ्चालनमा हुँदा काठमाडौंबाट पाँच घण्टामा बर्दिवास पुगिने भए पनि नागढुंगा मुग्लिनको बाटो प्रयोग गर्नुपर्दा काठमाडौंबाट बर्दिवास पुग्न पूर्व जाने सवारीलाई कम्तीमा १३ घण्टा लाग्ने झापा जाँदै गरेको माइक्रोबसका चालक हरिबहादुर राईले बताए । 'टाइम कार्ड लागू गराएकै भए पनि बनेपा बर्दिवासको बाटो जान पाउँदा बर्दिवास पुग्न पाँच घण्टाजति लाग्थ्यो । नागढुंगाबाट मुग्लिन निस्किएर बर्दिवास पुग्न जाम भएन भने १३ घण्टा लाग्छ,' चालक राई भने, 'पृथ्वी राजमार्गमा पनि जतातत्तै पहिरोले गर्दा यसै जाम बढिरहेको छ, जोखिमसहित लामो समय लगाएर यात्रुलाई गन्तव्यमा पुऱ्याउनुपर्ने बाध्यता छ ।'

चार दिनसम्म परेको निरन्तरको वर्षात्ले छियाछिया बनेर जोखिमपूर्ण बेनेको सडकमा सवारीको चाप बढेसँगै दुर्घटनाको जोखिम पनि अझ बढेको छ । लामो र छोटो दूरीका सवारीसाधनले राजमार्ग भरिभराउ भएका छन् । सामान्यतया दैनिक १३ हजार सवारी आवतजावत हुने पृथ्वी राजमार्गमा दसैंको रौनकले सवारी र यात्रुको चाप बढेको छ नै बिपी राजमार्गमा चल्ने सवारीले पनि यही सडक प्रयोग गर्न थालेपछि राजमार्गमा सवारीको चाप अत्यधिक भएको हो ।

सवारी चाप बढेसँगै जाम र दुर्घटनाको जोखिम पनि त्यत्तिकै रहेको भन्दै प्रहरीले जोखिमपूर्ण स्थानमा आलोपालो गरी सवारी पास गराउँदै आएको छ । सडक विस्तारको निर्माण कार्यका कारण साँघुरो भएको राजमार्गमा ठाउँठाउँमा झरेको पहिरोले झनै समस्या थपेको हुँदा सडकको अवस्था हेरी संयमतापूर्वक सवारी चलाउन ट्राफिक प्रहरी चालकलाई सचेत गराउँदै आएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले जानकारी दिए ।

पहिरोसहित विभिन्न कारणले सडक एकतर्फी भएका स्थानलाई सवारी गुड्नसक्ने बनाउने र राजमार्गमा प्रहरीको उपस्थिति बढाएर सम्भावित दुर्घटना हुनबाट सचेत गराउने काम भइरहेको प्रहरी उपरीक्षक शाहीले बताए । 'राजमार्गका केही स्थानमा अहिले पनि सवारी एकतर्फी छ । त्यस्ता स्थानमा जाम हुन नदिन प्रहरी निरन्तर खटिरहेको छ,' शाहीले भने । ठाउँठाउँको पहिरोका कारण राजमाग एकतर्फी छ । त्यसमाथि चालकहरूले लेन अनुशासन पालना नगर्दा झन् धेरै जाम भइरहेको छ । *रासस*

●●●

### बाढीपीडितलाई...

रातभरि निद्रै लाग्दैन ।' नख्खुखोला किनारामा छाप्रो बनाएर बस्दै आएका मगरको परिवार दिनभरि मजदुरी गरेर बेलुका हातमुख जोड्ने स्थितिमासमेत छैन । नख्खुखोला किनारमा अस्थायी टहरामा बस्दै आएका चतुरराम माझीलाई यतिबेला गाँसभन्दा बासको चिन्ताले सताएको छ । 'वडाले खाना खुवाउँछ तर, कहाँ रात बिताउछौं भनेर सोध्दैन,' उनले भने, 'फेरि पानी पऱ्यो भने ओत लाग्ने थलो छैन ।' माझीसँग शरीरमा एकसरो सर्ट र च्यातिएको पाइन्टमात्रै छ ।

आफन्ती कहाँ आश्रय लिएर रात कटाउँदै आएका माझीले अहिले राहतको नाममा आश्वासनबाहेक केही नपाएको बताए । 'सरोकार भएका निकायले आश्वासनमात्र नदिएर तत्काल हामीजस्ता पीडितलाई राहतको व्यवस्था गर्नुपर्छ । यही अवस्था रहिरहे हाम्रो स्वास्थ्यमा पनि समस्या आउन थाल्नेतर्फ सचेत हुनुपर्ने आवश्यकता छ,' उनले भने ।

ललितपुरस्थित आदिनाथमार्ग घर भएका आनन्द दासले खोलाले बगाउने चिन्ता हटे पनि घरमा भएका सामान चोरी हुने चिन्ताले सताउन थालेको बताए । बाढीले घर डुबानमा परेपछि आमासँगै उनलाई हेलिकप्टरले उद्धार गरेर सुरक्षित स्थानमा ल्याएको थियो । आफूहरू सरक्षित भए पनि घरमा रहेका सामान असुरक्षित भएका भन्दै उनले ग्यासको सिलिन्डर चोरी भएको जानकारी पाएको बताए ।

'बाढीको हिलो र माटो पसेर ढोका बन्द गर्न मिल्दैन । हिलोले सबै डुबेको छ । राति ग्यास चोरी भएछ,' दासले भने । बाढीले थलिएको बस्तीका सर्वसाधारण सबै त्रासमा रहेका बताउँदै उनले सरोकार भएका निकायले तत्काल पीडितलाई उचित बासको व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए ।

रामेछाप घर भएकी सरस्वती बस्नेत बुधबार डोजरले खन्दै गरेको बस्तीका सामान कोट्याउदै थिइन् । घर र सात वटा गाईसहितको गोठ बगर बनेपछि उनको पेट पाल्ने आधार खोसिएको छ । 'डोजरले खनिरहँदा केही सामान भेटिन्छ कि भनेर दिनभरि कुरेर बसेँ, केही हाता लागेन,' उनले भनिन्, 'सातमध्ये तारवटा गाई मृत भेटिएका छन् ।' सरस्वतीको परिवारले दुई वर्षअघि गाईपालन व्यवसाय सुरु गरेको थियो । १४ लाख रूपैयाँ ऋण लिएर गाईपालन थालेको भन्दै उनले लगानीसमेत उठ्न नपाउँदै गाई बगरमा मिसिएका बताइन् ।

'बिमा गरेको १३ दिनमात्र भएको थियो । स्वदेशमा आयआर्जन गरेर जीविकोपार्जन गर्ने योजना बनाएर गाईपालन सुरु गरेका थियौं । सबै सपना र १४ लाख रूपैयाँको लगानी बाढीले बगाएको छ,' सरस्वतीले भनिन् । अब ऋण तिर्नका लागि मुग्लान पस्नुपर्ने उनले बताइन् । 'दुई चार रूपैयाँ कमाएर स्वदेशमा बस्ने रहर पलाएको थियो,' उनले भनिन्, 'अब केही रहेन । ऋण तिर्न विदेशिनुबाहेक अरू विकल्प पनि छैन ।' नख्खुखोला किनार घर भएकी निर्मला धामी बगरमा दराज खोज्दै थिइन् । पाँच तोला सुनका गहनासहित दराज खोलाले बगाएको भन्दै भेटिन्छ कि भन्ने आशले खोजी गरेको धामीले बताइन् । जीवनभरको कमाइ माटोमा विलीन भएको भन्दै अब कसरी जीविकोपार्जन गर्ने भन्ने चिन्ता लाग्न थालेको उनले गुनासो पोखिन् । 'बाढीबाट बाँचियो, अब के खाएर जीवन निर्वाह गर्ने?,' उनले प्रश्न गरिन्, 'दसैंको मुखमा सुकुम्बासी हुनुपऱ्यो ।' *रासस*

●●●

### रोजगारीका लागि...

व्यक्तिगत श्रम स्वीकृति लिएर जानेको संख्या बढ्दै गएका कारण आगामी दिनमा समस्या नआओस् भनेर सरकारले रोमानिया रोजगारीलाई व्यवस्थित गर्न खोजिरहेको प्रवक्ता घिमिरेले बताए । युरोपबाट आएका मागपत्र प्रमाणीकरणमा समस्या भएका कारण पनि व्यक्तिगतरूपमा जानेको संख्या बढेको हुनसक्ने भन्दै यसरी जाँदा ठगिने र जोखिममा परिने संभावना रहेकाले सम्बन्धित पक्षलाई सचेत रहन घिमिरेले आग्रह गरे ।


**कुवेत/युएईमा रोजगार** कम्पनी : Kuwait Excel For Education Services Co.

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311523 चलानी नं. ६०२२६१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 0 | 74 | 100 | ४३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २२ र २३ गते (8 & 9th Oct. 2024) मा हुनेछ ।

कम्पनी : Taj Alkashbi General Security Guard Services L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311665 चलानी नं. ६०२२६१५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1700 | ६२,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २३ गते (9th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 1514/074/075

BON MANPOWER PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851,
Mobile - 9803960700, 9843361254, 9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com



**युएई/कतारमा रोजगार** कम्पनी : CONCEPT LANDSCAPE LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311627 चलानी नं. ६०२२६१३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 10 | 0 | 800 | २९,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AMERICAN DESIGN SOURCE

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311668 चलानी नं. ६०२२६१५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster Technician | 1 | 0 | 1200 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AMERICAN DESIGN SOURCE

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311670 चलानी नं. ६०२२६१५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster Technician | 1 | 0 | 1200 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BABA GHANNOUJ BAKERY WLL

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311669 चलानी नं. ६०२२६१५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Porter | 5 | 0 | 1200 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २४ गते (10th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



**युएईमा रोजगार** कम्पनी : CHENOTH EMPLOYMENT - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311620 चलानी नं. ६०२२६१४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 100 | 0 | 1000 | ३६,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician - Building | 100 | 0 | 1200 | ४३,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २४ गते (10th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Access Partners Nepal Pvt. Ltd. Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899, E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



**साउदीमा रोजगार** कम्पनी : Itqan Al-Tariq Al-Arabiyah Transportation Establishment

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ LT. No. 311622 चलानी नं. ६०२२६११२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २४ गते (10th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1345/074/075

Al Amal Overseas Pvt. Ltd.
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com



**कुवेतमा रोजगार** कम्पनी : COCO BELL PLUS REATAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ LT. No. 311602 चलानी नं. ६०२२६११०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PASTRY | 3 | 0 | 130 | ५७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २४ गते (10th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd. Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बिहीबार, १७ असोज, २०८१

| | |
|---|---|
| **मेष** | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **वृष** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **मिथुन** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **कर्कट** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| **सिंह** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **कन्या** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **तुला** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **वृश्चिक** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| **धनु** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **मकर** | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । |
| **कुम्भ** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| **मीन** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ असोज, २०८१ (०३ अक्टुवर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रैन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**पितृको सम्झना** | सोह्रश्राद्धको अन्तिम दिन बुधबार पवित्रस्थल देवघाटधाममा पितृहरूको सम्झनामा श्राद्ध गर्नेहरूको घुइँचो । *तस्बिरः सनद अधिकारी/रासस*

# बागमती करिडोरमा हिलो र धुलो



**ललितपुर–** शुक्रबारदेखि परेको अविरल वर्षाका कारण शनिबार बागमती नदीमा आएको बाढीका कारण बागमती करिडोर अहिले पनि हिलाम्मे छ। शनिबार बिहानसम्म बाढी बागमती करिडोर छिचोलेर बस्तीमा पसेपछि ठूलो क्षति भएको छ । ललितपुरको धोबीघाट, बल्खुपुल, सानेपाको कालोपुल, युएन पार्कलगायत स्थानमा अहिलेसम्म हिलो छ।

सवारीसाधन सञ्चालनमा आए पनि हिलो र धुलोका कारण बागमती करिडोरमा यात्रा असहज भएको यात्रीहरू बताउँछन् । बागमती करिडोरमा हिलो भएकाले सवारीसाधनको चाप कम त भएको छ तर, यसको असर मुख्य सडकमा परेको छ । जसले गर्दा पहिलेभन्दा अहिले सवारी जाममा पर्ने गरेका छन् ।

वैकल्पिक यात्रा गर्ने बागमती करिडोर हिलाम्मे अवस्थामा भएका कारण यात्रामा असहज भएको मोटरसाइकलयात्री पवन बोहोराले बताए । उनले भने, 'जताततै हिलो छ, पुलमुनिको खाल्डोमा लेदोसहितको पानी भरिएकाले सवारी जाम हुने गरेको छ ।'

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले बागमती करिडोरको व्यवस्थापन गर्नुपर्ने ललितपुर महानगरपालिका-१ का वडाध्यक्ष निर्मल तण्डुकार बताउँछन् । उनी भन्छन्, 'बागमती करिडोर बाढीले डुबानमा परेको छ। मन्दिर, पाटी, आर्यघाटमा बाढीले ठूलो क्षति भएको छ । यसको व्यवस्थापनमा अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति सक्रिय हुनुपर्छ ।'

त्यसैगरी अर्का मोटरसाइकलयात्री विनोद थापाले पनि हिलो र धुलोको कारण बागमती करिडोरको यात्रा असहज हुने गरेको बताए । उनले भने, 'जिम्मेवार निकायले व्यवस्थापनमा छिटो पहल गरे ठूलो कुरो होइन, व्यवस्थापनमा नजुटेका कारण हालसम्म करिडोरमा हिलो छ ।'

अहिले बागमती करिडोर छेउछाउका बासिन्दा, बाढीले क्षति गरेको सामान व्यवस्थापनमा जुटेका छन् । बाढीका कारण घरभित्र छिरेको लेदो पन्छाउन, भिजेको कपडा सुकाउन स्थानीय लागेका छन् । सरकारको जिम्मेवार निकायसँग लेदो सफा गर्न पानी व्यवस्था गरिदिन स्थानीयको माग छ। *रासस*

# अवैध बिक्री गर्ने फार्मेसीलाई कारबाही

**भक्तपुर (प्रस)–** जिल्ला प्रशासन कार्यालयले विभिन्न औषधि पसल (फार्मेसी)हरूलाई कारबाही गरेको छ। भक्तपुरका सहायक जिल्ला प्रमुख अधिकारी डोलेन्द्रप्रसाद निरौलाको नेतृत्वमा उद्योग तथा वाणिज्य कार्यालय, आन्तरिक राजस्व कार्यालय, औषधि व्यवस्था विभाग, नेपाल प्रहरी, उद्योग वाणिज्य संघसहितको टोलीले सुरु गरेको यहाँका औषधि पसलहरूको अनुगमनमा अवैधरूपमा सञ्चालितलाई कारबाही गरेको हो ।

भक्तपुरमा अवैधरूपमा औषधि पसल सञ्चालनमा रहेका, अदक्ष व्यक्तिद्वारा औषधि बिक्री हुने गरेको, म्याद गुज्रेका औषधि बिक्री गर्ने गरेको, औषधि पसलबाट अवैध औषधि बिक्री भइरहेकोलगायतका गुनासो आएपछि प्रशासनको नेतृत्वमा अनुगमन सुरु गरेको सहायक प्रजिअ निरौलाले जानकारी दिए ।

अनुगमनका क्रममा भक्तपुर नगरपालिका-१ दूधपाटीमा सञ्चालित समृद्धि फार्मेसीबाट ३० हजार रूपैयाँबराबरका औषधि जफल गरी जरिवाना गरिएको उनले जानकारी दिए । उक्त फार्मेसीले औषधि व्यवस्था विभागमा दर्ता नवीकरण नगरेको, तोकिएको तामक्रममा राख्नुपर्ने औषधिलाई जथाभावी राखिएको, निर्धारित मूल्यभन्दा बढी मूल्य लिएर बिक्री गरेको पाइएपछि मिति नाघेका औषधि नष्ट गर्नाका साथै जरिवाना लगाइएको हो ।

त्यस्तै, दूधपाटीकै न्यातापोल फार्मेसीले औषधिको बिल देखाउन नसकेपछि कारबाहीस्वरूप पाँच हजार रूपैयाँ जरिवाना लगाएको छ । खरिद बिल र बिक्री बिल देखाउन नसकेको उक्त फार्मेसीले तापक्रम मिलाएर राख्नुपर्ने औषधि जथाभावी राखेको र मिति नाघेका ५० हजार रूपैयाँबराबरको औषधि बिक्रीमा राखेका पाइएपछि उक्त औषधि जफत गरी नष्ट गरेको छ ।

त्यसैगरी, सोही ठाउँका मेरिल्यान्ड फार्मेसी एन्ड क्लिनिकले अनुमति नै नलिई अकुपञ्चर सेवा सञ्चालन गरेको पाइएको छ । टोलीले अनुमतिपत्र लिएरमात्रै अकुपञ्चर सेवा सञ्चालन गर्न, साइनबोर्ड राख्न, सेवा शुल्कको सूची बनाएर देखिनेगरी राख्न र १५ दिनभित्र जनस्वास्थ्य कार्यालयमा सम्पर्क गर्न निर्देशन दिएको छ । यहींको भीमेश्वर फार्मेसीलाई औषधिको बिल काट्दा म्यादसमेत उल्लेख गर्न निर्देशन दिएको छ ।

सूर्यविनायक नपा-६ पाण्डुबजारको कल्पना फार्मेसीले औषधि विभागमा दर्ता नै नभएको औषधि बिक्रीमा राखेको पाइएपछि एक हजार ५०० रूपैयाँबराबरको औषधि नष्ट गरेको छ । सोही ठाउँको मातृभूमि फार्मेसीले पनि बिग्रिएको फ्रिजमा औषधि राखेको पाइएपछि त्यहाँका औषधि जफत गरी नष्ट गरिएको छ । टोलीले सूर्यविनायक नगर अस्पतालमा नेपाल सरकारले तोकिएको सबै औषधि राख्न निर्देशन दिएको छ । अनुगमन नियमित रहने जनाउँदै सहायक प्रजिअ निरौलाले अधिकांश औषधि पसलमा औषधिहरू तापक्रम मिलाएर नराखेको, जथाभावी औषधि बिक्री गरेको, म्याद गुज्रेका औषधि बिक्रीमा राखेको पाइएको भन्दै मानवीय स्वास्थ्यमाथि खेलबाड गर्ने औषधि पसललाई अब कडा कारबाही गरिने बताए ।

# संक्रमण रोकथामका उपाय पहिल्याउन सर्वपक्षीय छलफल



**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले बाढी, पहिरो र डुबानजस्ता विपद्पछि फैलनसक्ने संक्रामक रोग रोकथामका उपाय पहिल्याउनका लागि राज्यका तीनवटै तह, खानेपानी मन्त्रालय तथा खानेपानी सम्बद्ध अधिकारीसँग बुधबार छलफल गरेका छन् । मन्त्रालयमा भएको विशेष बैठकमा उनले बाढी, पहिरोपछि पानीका स्रोत प्रदूषित भएको र यसकै कारण झाडापखाला, हैजा तथा डेंगीलगायत संक्रामक रोग लाग्न नदिन आ-आफ्नोतर्फबाट तयारी बढाउन र आवश्यक परेका सहयोग गर्न आग्रह गरे ।

विपद्का समयमा स्वास्थ्यकर्मीले पुऱ्याएको योगदानको प्रशंसा गर्दै मन्त्री पौडेलले भने, 'स्वास्थ्यकर्मीले विपद्का समयमा बिरामीको उपचारका लागि पुऱ्याएको भूमिका सराहनीय छ, अब यसपछि फैलनसक्ने रोगबाट नागरिकलाई जोगाउन लाग्नुहोला । आवश्यक केही परे भन्नुस्, हामी सघाउन तयार छौं ।' उनले खानेपानीको शुद्धता बढाउन र कुनै पनि संक्रामक रोग फैलन नदिन स्थानीय तहसम्मै खानेपानी मन्त्रालय र प्रदेश तथा स्थानीय सरकारसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । यसका लागि मातहतका सबै निकायलाई परेको अप्ठ्यारो फुकाउन मन्त्रालय लाग्ने उनको भनाइ थियो ।

बैठकमा खानेपानीमन्त्री प्रदीप यादवले सहकार्यको प्रस्तावका लागि मन्त्री पौडेललाई धन्यवाद दिँदै पानीको शुद्धता बढाएर नागरिकलाई शुद्ध खानेपानी दिनका लागि शुद्धीकरण सामग्री वितरण तथा सचेतनाका लागि स्वास्थ्य मन्त्रालयसँग सहकार्य गर्ने घोषणा गरे । बैठकमा बाढी, पहिरोबाट बढी प्रभावित काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, कोसी, मधेस तथा गण्डकीलगायत प्रदेशका स्वास्थ्य सचिवले आफूहरूले प्रदान गरिरहेको सेवाबारे जानकारी गराउँदै खानेपानीको शुद्धीकरण तथा सचेतना फैलाउन मन्त्रालयको सहयोग आवश्यक रहेको बताए ।

मन्त्री पौडेलले दुईवटै मन्त्रालय मिलेर तत्काल सहयोग माग भएका ठाउँमा पठाउने र आवश्यक परेका ठाउँमा विशेष स्वास्थ्य टोली खटाउने प्रतिबद्धता जनाए । उनले संघीय राजधानी उपत्यकामा जनसंख्या पनि बढी रहेको र अहिले संक्रमणको जोखिम बढी रहेकाले बढी प्राथमिकता दिएर संक्रमण रोक्न सचेतनासँगै रोकथामका उपाय अपनाइने बताए । यसका लागि प्रदेश र महानगरहरूसँग हातेमालो गर्ने उनको भनाइ थियो ।

कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले बाढीका कारण खानेपानीका स्रोत प्रदूषित भएकाले आफूहरूले टचांकरबाट किनेरै शुद्धीकरणका उपाय अपनाइ खानेपानी वितरण गरिरहेको जानकारी गराए। मन्त्रालयका सचिव डा. रोशन पोखरेलले स्वास्थ्यमन्त्रीको निर्देशनअनुसार तत्काल बैठक डाकेर आवश्यक ठाउँमा थप स्वास्थ्य सामग्री पठाउने र सचेतना तथा संक्रमण रोक्न नदिन आवश्यक थप कदमहरू चाल्ने प्रतिबद्धता जनाए ।


## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**जोरपाटी, काठमाडौं**
**वागमती प्रदेश, नेपाल**

### ७ दिने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८१/०६/१७)**

यस नगरपालिकाका लागि आवश्यक औषधी तथा सर्जिकल सामाग्रीहरू बोलपत्र मार्फत खरिद गर्न यस नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०४/३२ मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूमध्ये तल उल्लेख भएको फर्म/कम्पनीको बोलपत्र सारभूतरूपमा न्युनतम तथा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| छनौट भएको बोलपत्रदाता | कामको विवरण | कबोल रकम (मु.अ.कर सहित) |
|---|---|---|
| श्री Bangalamukhi Medicine Suppliers Pvt. Ltd लोकन्थली, भक्तपुर | औषधी तथा सर्जिकल सामाग्रीहरू खरिद/आपुर्ति सम्बन्धी कार्य | रु.१४,२७,२९२।७७ अक्षेरूपी चौध लाख सत्ताइस हजार दुई सय बयानब्बे रूपैयाँ सतहत्तर पैसा |

प्रमुख प्रशासकीय अधिकृत


# बाढीले विद्यालय डुबेपछि प्रतीक्षालयमा पठनपाठन

**दमौली (तनहुँ)–** देवघाट गाउँपालिका-५ साडेबगरस्थित महादेव आधारभूत विद्यालयको भवन बाढीले डुबाएपछि प्रतीक्षालयमा विद्यार्थी राखेर पठनपाठन सञ्चालन भएको छ। गत बिहीबार रातिदेखि परेको वर्षाका कारण विद्यालय डुबानमा परेपछि विद्यार्थीलाई प्रतीक्षालयमा राखेर पठनपाठन गराइएको हो ।

विद्यालय भवनभित्र बाढी पसेर कुनै पनि कोठामा तत्काल पठनपाठन गर्न सम्भव नभएपछि विद्यालय नजिक रहेको प्रतीक्षालयमा राखेर पढाइरहेको विद्यालयका प्रधानाध्यापक शिवहरि वाग्लेले जानकारी दिए । उनले भने, 'वर्षापछि कालीगण्डकी नदीमा आएको बाढीले विद्यालय भवनमा क्षति पुगेको छ । विद्यालयमा पठनपाठन सम्भव नभएपछि प्रतीक्षालयको सहारा लिएका छौं ।'

वाग्लेका अनुसार प्रशासनिक कक्षमा रहेका सबै सामग्री नष्ट भएका छन् भने कक्षा कोठाका टेबल, कुर्सी, खाना पकाउने भाडा, शैक्षिक सामग्रीमा बाढीले क्षति पुगेको छ। उक्त विद्यालयमा १४ विद्यार्थी अध्ययनरत छन् । नदी किनारमा विद्यालय भएकाले बाढी आउँदा जोखिममा परेको प्रअ वाग्लेले बताए । उनले भने, 'सुरक्षितरूपमा विद्यालय सञ्चालन गर्ने हो भने विद्यालय स्थानान्तरणको विकल्प छैन ।'

### चिल्लो सडक खस्रो बनाइँदै

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-३ गाउँपालिका चोकबाट मुख्य बजारसम्मको सडक चिल्लो भएर दिनहुँ दुर्घटना हुन थालेपछि गाउँपालिकाले डोजर लगाएर खस्रो बनाएको छ। उक्त सडक सुधारका लागि सडक डिभिजन कार्यालय तथा सरोकार भएका निकायलाई पटक-पटक आग्रह गर्दा पनि सुनुवाइ नभएपछि गाउँपालिकाले मंगलबार डोजर लगाएर कालोपत्र भत्काएको हो। *रासस*


## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०६।१५ गते काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा.-०८, नारायणटार, गणेश आनन्दमार्ग स्थित घरअगाडि पार्किङ गरिराखेको अवस्थामा निलो, कालो रङ्को 220 cc पल्सर मोटरसाइकल, बेलुकाको ६:३० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : रुद्र कुमार सुनुवार**
**बाइक नं.: बा. प्र. ०२-०४९प१३५२**
**च्यासिस नं.: MD2A13EX9NCM86042**
**इन्जिन नं. : DKXCNM40323**
**ठेगानाः दुरागाउ -०९ ,रामेछाप**
**सम्पर्कः ९८६२४०८१५४**



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति: २०८१/०६/१७**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com



**युएइमा रोजगार** — कम्पनी: AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C..

पुन: स्वीकृत मिति : २०८१/०६/१६ | LT. No. 311686 | चलानी नं ६०२२६१७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 40 | 0 | 1200 | ३३,८८८ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Building Labour | 80 | 0 | 900 | ३२,९१६ | | | | | | | |
| 3 | Carpenter | 40 | 0 | 1200 | ३३,८८८ | | | | | | | |
| 4 | Steel Fixer | 40 | 0 | 1200 | ३३,८८८ | | | | | | | |

कम्पनी: UNITED ENG. CONST. GEN. CONT. & TR. LLC.

पुन: स्वीकृत मिति : २०८१/०६/११ | LT. No. 311687 | चलानी नं ६०२२६१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 150 | 0 | 900 | ३२,९१६ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८१ असोज २४ गते (10th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD.** — श्रम ईजाजत नं. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com,
Kalyan Thapa: 9840510091, Rudin Dahal: 9842749866, Abhishek Thapa: 9863849506



**साउदी/युएईमा रोजगार** — कम्पनी : Suhaila Rashid Mofi Al Hajri Automotive Services Est

पूर्व स्वीकृति मिति : २०८०/०६/११ | LT. No. 311434 | चलानी नं. ६०२२५९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८०/०६/१६ | LT. No. 311681 | चलानी नं. ६०२२६१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason - Assistant | 50 | 0 | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 3 | Carpenter-helpers | 50 | 0 | 1000 | ३६,५७० | | | | | | | |
| 4 | Reinforcing Fitter Assistant | 50 | 0 | 1000 | ३६,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २४ गते (10th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MOBHIRA H.R. SERVICE PVT. LTD.** — श्रम ईजाजत नं. १००१/०६८/६९
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



**कतारमा रोजगार** — कम्पनी : NAZEEL HOSPITALITY AND EVENTS SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | LT. No. 311616 | चलानी नं. ६०२२६१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration Officer-male | 1 | 0 | 2500 | ९२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1700 | ६२,७१० | | | | | | | |
| 3 | Helper | 2 | 0 | 1000 | ३६,८६५ | | | | | | | |
| 4 | Incharge Resp | 0 | 1 | 2500 | ९२,१६५ | | | | | | | |
| 5 | Receptionist | 0 | 2 | 1500 | ५५,३०० | | | | | | | |
| 6 | Waiter | 0 | 1 | 1400 | ५१,६१० | | | | | | | |

कम्पनी : NAZEEL HOSPITALITY AND EVENTS SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311617 | चलानी नं. ६०२२६१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration Officer-male | 1 | 0 | 2500 | ९२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1700 | ६२,७१० | | | | | | | |
| 3 | Helper | 2 | 0 | 1000 | ३६,८६५ | | | | | | | |
| 4 | Incharge Resp | 0 | 1 | 2500 | ९२,१६५ | | | | | | | |
| 5 | Receptionist | 0 | 2 | 1500 | ५५,३०० | | | | | | | |
| 6 | Waiter | 0 | 1 | 1400 | ५१,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २४ गते (10th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.** — श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

प्रभाव दैनिक

रूपशाला



### ट्रेन्डिङमा '१२ गाउँ'को ट्रेलर

एक्सन स्टार बिराज भट्टको निर्देशन अभिनय रहेको फिल्म हो '१२ गाउँ' । फूलपातीदेखि सार्वजनिक प्रदर्शनमा आउने फिल्मले प्रदर्शन मिति नजिकिँदै गर्दा बुधबार ट्रेलर ल्याएको थियो । ट्रेलर युट्युबको ट्रेन्डिङमा आउन सफल भएको छ । ट्रेलरले सार्वजनिक भएको २२ घण्टामा ६ लाख बढी भिउज पाउँदै ट्रेन्डिङमा आउन सफल भएको छ । ट्रेलर अहिले युट्युब ट्रेन्डिङको सातौँ स्थानमा छ । । ट्रेलरलाई ६४ हजारले लाइक गरेका छन् भने थुप्रैले प्रतिक्रिया जनाएका छन् । ट्रेलरमा बिराज भट्ट र नव-नायक समीर भट्टको भरपुर एक्सन देख्न सकिन्छ ।

बिहीबार १७, असोज २०८१ (Thursday, October 03, 2024)

# 'ज्वाइँ साब'को नयाँ पोस्टर

■ प्रभाव संवाददाता

**काठमाडौं–** कलाकार जितु नेपालको प्रमुख भूमिकामा रहेको फिल्म 'ज्वाइँ साब' रिलिजको तयारीमा छ । यही असोज २४ गतेबाट प्रदर्शनमा आउने यो फिल्मको सार्वजनिक पोस्टर, टिजर र गीतले फिल्म वृत्त र दर्शकमा बेग्लै हाइप बनाइसकेको छ । यही मेसोमा जितुको बुढ्यौली गेटअपको पोस्टर जितु आफैंले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका छन् ।




पोस्टरमा जितुलाई गोवर्द्धन पण्डितको रूपमा चित्रण गरिएको छ । जितुलाई बुड्यौली दर्शाउने चस्मा र सोही अनुरूपको पहिरनमा खुईलिएको तालुले चरित्र बुझाउने प्रयास गरिएको छ । उनको यो गेटअपले फिल्ममा कतै जितुको दोहोरो भूमिकामा त छैन भन्ने कौतुहलता पनि जगाएको छ ।

जितुको दोहोरो भूमिका हो वा होइन भन्ने बारे निर्माण पक्षले केही बोलेको छैन । जितु यतिबेला फिल्मको प्रमोसनमा व्यस्त छन् । यही व्यस्तताबीच सार्वजनिक उनको गेटअपले कौतुहलता पैदा गरेको छ ।

राजकुमार पण्डित प्रस्तुतकर्ता रहेको फिल्ममा वसन्त निरौलाको निर्देशन छ । फिल्ममा जितु नेपाल, निती शाह, बुद्धि तामाङ, हिमेश पन्त, रमेश बुढाथोकी, प्रकाश घिमिरे, शिशिर वाङ्देल, दीपक आचार्यलगायतका कलाकारको अभिनय छ ।

# 'म्यान अफ दि इयर नेपाल' बने कृष्ण

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'म्यान अफ दि इयर नेपाल २०२४'को उपाधि रूपन्देहीका कृष्ण न्यूरेले जितेका छन् । राजधानीमा आयोजित प्रतियोगीताको अन्तिम प्रतिस्पर्धामा उनले उपाधि हात पारेका हुन् । अमेरिका बस्दै आएका न्यूरे प्रतियोगिताको लागि नेपाल आएर अडिसन मार्फत सहभागी भएका थिए । विजेता न्यूरेले नगद पुरस्कार ७ लाख रूपैयाँ र विनर ट्रफी हात पारे । उनले थाइल्याण्डमा हुने 'म्यान अफ दि इयर' ग्लोबलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएका छन् ।

विजेतालाई कार्यक्रमका ब्राण्ड एम्बास्डर तथा निर्णायक अभिनेता अनुपविक्रम शाही, कोरियोग्राफर अभिनेता प्रशान्त ताम्राकार, कार्यक्रम निर्देशक संसद शाह र कार्यकारी निर्देशक स्वीकृति प्याकुरेल, निर्णायकद्वय राजभाइ सुवाल र करण वैधले पुरस्कार प्रदान गरे ।

प्रतियोगितामा मस्कुलिन म्यान अफ दि इयरको उपाधि उत्सव श्रेष्ठ, माइण्डफूल म्यान अफ दि इयरको उपाधि प्रविण आचार्य,



मोडर्न म्यान अफ दि इयर अभिमन्यू खड्का, मास्टरली म्यान अफ दि इयर अनमोल भण्डारी र म्यानली म्यान अफ दि इयरको उपाधि कृष्ण न्यूरेले नै हात परे ।

देशका विभिन्न प्रमुख सहरहरूमा सम्पन्न अडिसनबाट छनोट भएका सयभन्दा बढी सहभागी मध्ये अन्तिम प्रतिस्पर्धामा चुनिएकाहरूबिच आयोजक संस्था यू क्यान फ्लाई फेशन प्रालीले विजेताका लागि अन्तिम प्रतिस्पर्धा आयोजना गरेको थियो ।

# सन्तोषी भइन् मिसेस नेपाल युनिभर्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** मिसेस नेपाल युनिभर्स २०२४ को उपाधि सन्तोषी कार्कीले जितेकी छिन् । लन्डन फेशन हाउसले आयोजना गरेको प्रतिस्पर्धाबाट सन्तोषीले मिसेस नेपालल युनिभर्सको ताज चुमेकी हुन् । अब उनले नेपालको प्रतिनिधित्व गर्दै ४७ औं मिसेस युनिभर्समा भागलिने भएकी छिन् ।

मिसेस युनिभर्समा आधादशक देखि नेपालले सहभागिता जनाउँदै आएको छ । यसपटक आफुले नेपालको लागि केही उपाधि ल्याउने तयारीका साथ भाग लिन लागेको पनि सन्तोषीले बताएकी छिन् । मिसेस युनिभर्स विवाहित महिलाहरूको सबैभन्दा जेठो सौन्दर्य प्रतियोगिता हो । ४७ वर्षबाट यो प्रतियोगिता हुदै आएको छ । १८ वर्षदेखि ५५ वर्षसम्मका १४० भन्दा बढी देशका विवाहित महिलाहरूले भाग लिने यो प्रतियोगितामा यसपटक नेपालबाट सन्तोषी कार्कीले प्रतिनिधित्व गर्दैछिन् । अन्तराष्ट्रिय युवा उधमी महासंघ बेलायतकी महासचिब समेत रहेकी सन्तोषी विभिन्न संस्थाको नेतृत्वमा रहेको अनुभवले पनि मिसेस युनिभर्समा आफ्नो प्रस्तुतिमा सघाउने कुरामा विश्वस्त छिन् ।

यो प्रतियोगितामा भाग लिन सन्तोषी दुईदिनपछि दक्षिण कोरिया उड्दैछिन् । लन्डनको एक विश्वविधालयमा प्रध्यापनसमेत गर्दै आएकी सन्तोषी मिसेस नेपाल युनिभर्सकै लागि चार दिन अघि नेपाल आएकी हुन् । लन्डनमा रेष्टुरेन्ट व्यबसाय समेत सञ्चालन गर्दै आएकी सन्तोषी ८ वर्षको छोराको आमा पनि हुन्,'पारिवारिक जिम्मेवारी निर्वाह गरेर पनि बाहिर गएर केही गर्न सकिन्छ भनेर मैले यो प्रतियोगितामा भाग लिएको हुँ ।' सन्तोषीले भनिन्,'नेपालको बारेमा सो अन्तराष्ट्रिय मञ्चमा धेरै भन्दा धेरै जानकारी गराउने छु ।

बिगत डेढ दशकदेखि बेलायतमा बस्दै आएकी सन्तोषी सोलुखुम्बुकी हुन् । काठमाडौं




आएर १२ कक्षा उतिर्ण गरेपछि उनी उच्च शिक्षा , सन २०८ को मिस टिन २००७ मा भाग लिएकी उनले र मिष्टर एन्ड मिस टिन कलेज २००८ मा शिर्ष उपाधि जितेकी थिईन् । त्यतिबेलाको अनुभवले पनि यसपटक मिसेस नेपाल युनिभर्स २०२४ को उपाधि हाँसिल गर्न सजिलो भएको सन्तोषीले बताएकी छिन् । यसरी कलेजदेखि नै आफु सौन्दर्य प्रतियोगितासँग जोडिएको सन्तोषीले बताएकी छिन् ।

'सन्तोषीले मिसेस युनिभर्सको लागि आबस्यक सबै प्रशिक्षण यतिबेला कोरियोग्राफर रोजिन शाक्यबाट पुरा गर्नु भएको छ । ३ अक्टोबारबाट दक्षिण कोरियाको साउलमा सुरु हुने यो प्रतियोगितामा भागलिन नेपालबाट सन्तोषी जाँदै हुनुहुन्छ ।' मिसेस नेपाल युनिभर्सकी आयोजक एवम् लन्डन फेशन हाउसकी अध्यक्ष मनिषा डँगोल श्रेष्ठले बताईन् । यस्तै अफिसियल मेकअप आर्टिष्टको रूपमा रहेकी इन्दिरा महर्जनले उनलाई व्युटी सम्बन्धि ग्रुमिङ गरेकी छिन् ।



# ऐरी विश्वकै दोस्रो उत्कृष्ट टी–२० अलराउन्डर

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले जारी गरेको नयाँ बरियतामा टी–२० अलराउन्डरतर्फ नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य दीपेन्द्रसिंह ऐरीले दोस्रो स्थान ओगटेका छन् ।

आइसिसीले बुधबार जारी गरेको नयाँ बरियताअनुसार ऐरीले उक्त सफलता हासिल गरेका हुन् । यसअघि उनी उक्त विधामा छैटौं स्थानमा थिए । नयाँ बरियतामा अलराउन्डरतर्फ इङग्ल्यान्डका क्रिकेटर लियम लिविगंस्टोन पहिलो स्थानमा रहेका छन् । ऐरीको दुई सय ३० रेटिङ छ भने लिविगंस्टोनको दुई सय ५३ रहेको छ ।

यसैगरी एकदिवसीय अन्तर्राष्ट्रिय बरियतामा ब्याटिङतर्फ ऐरी विश्व बरियतामा ४३औं स्थानमा रहेका छन् । यसअघि उनी ४५औं स्थानमा




रहेका थिए । अलराउन्डरतर्फ नेपालका गुलशन झा ५३औं तथा कुशल भुर्तेल ६०औं स्थानमा रहेका छन् । टी-ट्वान्टी टिम बरियतामा नेपाल १७औं स्थानमा रहेको छ । त्यसैगरी एकदिवसीय अन्तर्राष्ट्रिय बरियतामा नेपालका आसिफ शेख ८२औं र कुशल भुर्तेल ८३औं स्थानमा छन् । नेपाली टोलीका कप्तान रोहितकुमार पौडेल भने उक्त बरियतामा ८७औं स्थानमा छन् ।

# एनपिएलको अक्सनमा १४२ खेलाडी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपीएल) को अक्सनमा १४२ नेपाली खेलाडीले सहभागिता जनाउने भएका छन् । नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा प्रतियोगिता नोभेम्बर ३० देखि डिसेम्बर २१ सम्म कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुने तय छ ।

प्रतियोगिताका लागि असोज ५ गते दर्ता प्रकृया खुला गरिएको थियो । उक्त दर्ता प्रकृया असोज १२ गते बन्द भएको थियो । अक्सनका लागि ४२३ खेलाडी दर्ता भएका थिए । त्यसमध्ये नेपाल प्रिमियर लिग समितिले १४२ खेलाडीलाई अक्सनमा सहभागी गराउने निर्णय गरेको क्यानले जनाएको छ ।

अक्सनका लागि ग्रेड 'ए' मा २७, 'बी' मा ३८ र 'सी' मा ७७ खेलाडी छन् । अक्सन आउँदो असोज २० गते हुने क्यानले जनाएको छ । एनपीएलको तयारीमा जुटेको क्यानले टिम सहित मार्की खेलाडी टुंगो लगाइसकेको छ ।

ए क्याटोगोरीमा विनोद भण्डारीदेखि शरद भेष्वाकरणसम्म दर्ता भएका छन् ।

प्रतिश जिसी, सूर्य तामाङ, सन्दीप जोरा, अविनाश बोहरा, आकाश चन्द, विवेक यादव, आसिफ शेख, राशिद खान, सागर ढकाल, भीम सार्की र ललितनारायण राजवंशी दर्ता भएका छन् ।

यस्तै, गुलसनकुमार झा, देव खनाल, अनिलकुमार साह, वसिर अहमद, अर्जुन साउद, दिलिप नाथ, सुमन गौतम, नन्दन यादव, किशोर महतो, कमल सिंह ऐरी र हेमन्त धामी पनि ए क्याटोगोरीमा दर्ता छन् ।

# क्यानडासँग फेरि हाऱ्यो नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** क्यानडामा जारी त्रिकोणात्मक टि-ट्वान्टी शृफ्लाअन्तर्गत आज सम्पन्न खेलमा नेपाल घरेलु टोलीसँग चार विकेटले स्तब्ध भएको छ । प्रतिस्पर्धात्मक खेलको दोस्रो पारीको १९औं ओभरमा दुई छक्का र एक चौकाको सहयोगमा १८ रन जोडेपछि क्यानडाले जित सहजै आफ्नो पक्षमा पाऱ्यो ।

क्यानडाको किङ सिटीमा भएको खेलमा टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको नेपालको सुरुआत राम्रो रह्यो । पहिलो विकेटका लागि अनिल साह र आशिफ शेखले ७० रनको साझेदारी गरे । दसौं ओभरको पहिलो बलमा हर्ष ठाकरले अनिल साहको विकेट लिए । त्यसपछि सोही ओभरमा नेपालले चार रन थप्यो । एघारौं ओभरमा नेपालले दोस्रो विकेटका रूपमा आशिफलाई गुमायो । उनलाई साद विन जाफरले आउट गरे ।

नेपालको विकेट झर्ने क्रम १२ औं ओभरमा पनि जारी रह्यो । कप्तान रोहित पौडेल व्यक्तिगत चार रनमा हर्ष ठाकरको सिकार भए । लगातार तीन ओभरमा १० रन जोड्दा तीन विकेट गुमाएको नेपाल त्यसपछि दबाबमा पऱ्यो । तेह्रौं ओभरमा जम्मा दुई रन आयो भने १४औं ओभरमा नेपालले कुशल मल्लका रूपमा चौथो विकेट गुमायो । मल्लले व्यक्तिगत चार रन बनाउँदा प्रवीन कुमारले आउट गरे ।

नेपालले १५औं ओभरमा चार रन र १६औं ओभरमा छ रन मात्रै बटुल्न सक्यो । १७औं ओभरको दोस्रो बलमा गुलसन झाले छक्का प्रहार गर्दै केही आशा जगाए । उक्त ओभरमा नेपालले नौ रन जोड्न सक्यो । तर १८औं ओभरको तेस्रो बलमा नेपालले




कुशल भुर्तेलका रूपमा पाँचौ विकेट गुमायो । सोही ओभरको अन्तिम बलमा गुलसनले व्यक्तिगत दोस्रो छक्का प्रहार गरे । नेपालले १९औं ओभरमा एक चौकासहित १२ रन जोड्यो । अन्तिम ओभरको चौथो बलमा दीपेन्द्र सिंह ऐरी व्यक्तिगत १३ रनमा आउट भए । त्यसपछि सोही ओभरको पाँचौ बलमा करण केसीको छक्काको सहयोगमा नेपालले उक्त ओभरमा ११ रन जोड्दै १३९ रन बनायो ।

नेपाललाई मध्यमक्रममा समेट्ने क्रममा क्यानडाका लागि हर्ष ठाकरले दुई विकेट लिए । साथै दिलोन हेलिङ्गर, अखिल कुमार, प्रवीण कुमार र साद विन जफरले समान एक/एक विकेट झारे ।

एक सय ४० रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रिएको क्यानडाको सुरुआत मध्यम रह्यो । नेपालका लागि पहिलो दुई विकेट लिँदै ललित राजवंशीले केही आशा जगाए । राजवंशीले नवनित धालिवाललाई १२ रनमा र हर्ष ठाकरलाई व्यक्तिगत ११ रनमा आउट गरे ।

त्यसपछि नेपालले १२औं ओभरमा महत्वपूर्ण दुई वटा सफलता प्राप्त गऱ्यो । उक्त ओभरको तेस्रो बलमा सोमपाल कामीले निकोलस किर्तनलाई व्यक्तिगत २६ रनमा आउट गरे । किर्तनले १४ बलमा दुई छक्का र एक चौका प्रहार गरे । सोही ओभरमा चौथो बलमा ओपनर दिलप्रित बाज्वा २५ रन बनाउँदै रन आउट भए ।

त्यसपछि क्यानडाको रनको गति सुस्त भयो । उसले १३औं ओभरमा एक चौकासहित छ रन जोड्यो भने १४औं ओभरमा जम्मा तीन रन मात्रै थप्यो । नेपालका लागि सन्दीप लामिछानेले १५औं ओभरमा थप दुई सफलता दिलाए । उनले उक्त ओभरको पहिलो बलमा श्रेयस मोभालाई व्यक्तिगत आठ रन र सोही ओभरमा तेस्रो बलमा दिलोन हेलिङ्गरलाई खाता खोल्न नदिइ पवेलियन फर्काए ।

क्यानडालाई अन्तिम पाँच ओभरमा १० रनको औसतले ५० रन बनाउनुपर्ने थियो । तर १९ औं ओभरमा करण केसीले १८ रन खर्चिंदा नेपाल सम्हालिन सकेन र महत्वपूर्ण १८ रन दिँदै अर्को हार ब्यहोर्न बाध्य बनाए । मध्यम लक्ष्य प्रस्तुत गरेको नेपाल डेथ ओभरमा सम्हालिन नसक्दा क्यानडाले सहजै जित दर्ता गऱ्यो । नेपालका लागि ललित राजवंशी र सन्दीप लामिछानेले दुई/दुई र सोमपाल कामीले एक विकेट लिए । अठार बलमा ३३ रन बनाउनुका साथै एक विकेट लिएका साद विन जफर प्लेयर अफ द म्याच घोषित भए ।

# इरानद्वारा इजरायलमा मिसाइल आक्रमण



**तेहरान–** इरानले पहिलोपटक हाइपरसोनिक मिसाइलसहित इजरायलमा २०० वटा क्षेप्यास्त्र प्रहार गरेको इरानी सरकारी टिभीले बुधबार जनाएको छ । जवाफमा इजरायलले तेहरानले उक्त आक्रमणको मूल्य चुकाउनपर्ने चेतावनी दिएको छ ।

इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्सले तेल अभिभ र यस क्षेत्र वरपरका 'तीनवटा सैन्य आधार'लाई लक्षित गरी क्षेप्यास्त्र प्रहार गरेको इरानी मिडियाले पुष्टि गरेको छ । इजरायली सेनाले इरानले आफ्नो क्षेत्रमा करिब १८० वटा क्षेप्यास्त्र प्रहार गरेको जसमध्ये अधिकांशलाई रोकिएको बताएको छ ।

सन् २०२३ को जुनमा इरानले एक मध्यवर्ती दूरीको ब्यालेस्टिक मिसाइलको अनावरण गरेको थियो, जुन ध्वनिको गतिभन्दा १५ गुणा हाइपरसोनिक गतिमा यात्रा गर्न सक्षम छ । तत्कालीन राष्ट्रपति इब्राहिम रायसीले उक्त हतियारले इरानको प्रतिरोधको शक्ति बढाउने बताएका थिए । इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले इरानले गरेको क्षेप्यास्त्र आक्रमण 'ठूलो गल्ती' भएको बताएका छन् । रिभोलुसनरी गार्ड्सले मिसाइल हमलालाई जुलाईमा हमास नेता इस्माइल हनियाह, साथै हिजबुल्लाह नेता हसन नसरल्लाहको शुक्रबार गरिएको हत्याको बदला भएको बताएको छ ।

### आक्रमणको विश्वव्यापी विरोध, संयमता अपनाउन आग्रह

तेहरानले इजरायलमाथि मिसाइल आक्रमण गरेपछि विश्वका नेताहरूले इरान र इजरायललाई संयमता अपनाउन आग्रह गरेका छन् । तेहरानले लेबनानमा हिजबुल्लाहविरुद्ध भूमि आक्रमण गरिरहेको भन्दै आक्रमण इरान समर्थित लडाकु नेताहरूको हत्याको प्रतिक्रियास्वरूप भएको जनाएको छ । दमास्कसमा इरानी वाणिज्य दूतावासमा भएको इजरायली हवाई आक्रमणको बदलामा अप्रिलमा भएको मिसाइल र ड्रोन आक्रमणपछि इरानले इजरायलमाथि प्रत्यक्ष आक्रमण गरेको यो दोस्रोपटक हो ।

मिसाइल आक्रमणपछि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले 'मध्यपूर्वमा बढ्दो द्वन्द्व'को निन्दा गरेका छन् । गाजामा प्यालेस्टिनी हमास लडाकुसँगको युद्धसँगै हिजबुल्लाहसँगको इजरायलको द्वन्द्वको आलोचना गर्दै गुटेरेसले पूर्णरूपमा युद्धविरामको आवश्यकता रहेको बताएका छन् । यसैगरी अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकी सेनालाई 'इरानी आक्रमणविरुद्ध इजरायली रक्षामा सहयोग गरी इजरायललाई लक्षित मिसाइलहरू नष्ट गर्नसमेत आदेश दिएका छन् । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले उक्त आक्रमण 'पूर्णरूपमा अस्वीकार्य' भएको बताएका छन् ।

इजरायलले इरानी आक्रमणको बदला लिने वाचा गरेको छ । इरानमा प्रतिक्रियात्मक आक्रमण गर्ने इजरायली सैन्य प्रवक्ता रियर एडमिरल डेनियल हागारीले बताएका छन् । बेरुतमा हिजबुल्लाह प्रमुख हसन नस्रल्लाह र तेहरानमा हमासका नेता इस्माइल हानियाहको हत्याको प्रतिशोधमा उक्त आक्रमण भएको हमासले जनाएको छ । स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजले इरानी आक्रमणको निन्दा गर्दै मध्यपूर्वमा व्याप्त 'हिंसाको चक्र' अन्त्य गर्न आह्वान गरेका छन् । विदेशमन्त्री जोस म्यानुएल अल्बेरेसले म्याड्रिडले द्वन्द्व पक्षलाई संयमता साथ अघि बढी तनाव नियन्त्रण गर्न आह्वान गरेका छन् ।

जर्मनी विदेशमन्त्री एनालेना बारबकले इरानलाई इजरायलमाथि गरेको क्षेप्यास्त्र आक्रमणको निन्दा गर्दै हिंसा अन्त्य गर्न आग्रह गरेका छन् । त्यसैगरी फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रोनले इजरायलविरुद्ध इरानको आक्रमणको निन्दा गर्दै फ्रान्सले तेहरानको सामना गर्न मध्यपूर्वमा आफ्नो सैन्य स्रोतहरू 'परिचालन' गरेको बताएका छन् ।

बेलायती प्रधानमन्त्री कीर स्टारमरले इरानको आक्रमणको निन्दा गरेका छन् । आफ्ना इजरायली समकक्षी बेञ्जामिन नेतान्याहुसँगको कुराकानीमा स्टारमरले 'इजरायली सुरक्षा र नागरिकहरूको सुरक्षाका लागि बेलायतको दृढ प्रतिबद्धतासमेत पनि व्यक्त गरे । जापानका नयाँ प्रधानमन्त्री सिगेरु इसिबाले इजरायलमाथि इरानले गरेको क्षेप्यास्त्र आक्रमण 'अस्वीकार्य' भएको बताएका छन् । यद्धको निन्दा गर्दै स्थितिलाई शान्त पार्न आवश्यक रहेको उनले बताए । *रासस/एएफपी*

### राष्ट्रसंघका महासचिवलाई इजरायलमा प्रतिबन्ध



**जेरुसेलम–** इजरायलले आफ्नो मुलुकमाथि इरानको क्षेप्यास्त्र आक्रमणको विशेषरूपमा निन्दा गर्न असफल भएको आरोप लगाउँदै बुधबार संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई 'अवाञ्छित व्यक्ति' घोषणा गरेको छ ।

'जो कोहीले पनि इजरायलमाथि इरानको जघन्य आक्रमणको स्पष्ट रूपमा निन्दा गर्न सक्तैन, ऊ इजरायली भूमिमा पाइला टेक्न योग्य छैन,' विदेशमन्त्री इजरायल काट्जले एक वक्तव्यमा भने, 'उहाँ आतंकवादी, बलात्कारी र हत्यारालाई समर्थन गर्ने इजरायलविरोधी महासचिव हुनुहुन्छ ।' काट्जका अनुसार गुटेरेसले हमास, हिजबुल्लाह, हुथी र अब विश्वव्यापी आतंकवादको मातृशक्ति इरानका हत्याराहरूलाई समर्थन गर्छन् र आउने पुस्तासम्म संयुक्त राष्ट्रसंघको इतिहासमा उनलाई एउटा दागका रूपमा सम्झिइने छ ।

मंगलबार राति इरानले इजरायलमाथि क्षेप्यास्त्र आक्रमण गरेपछि गुटेरेसले 'मध्यपूर्वमा बढ्दो द्वन्द्व' को निन्दा गर्दै यस क्षेत्रमा 'एकपछि अर्को बढ्दो द्वन्द्व' को आलोचना गरे । 'यो रोक्नैपर्छ, हामीलाई पूर्णरूपमा युद्धविरामको आवश्यकता छ,' उनले भने । इजरायल संयुक्त राष्ट्रसंघको कडा आलोचक रहँदै आएको छ । अक्टोबर ७ मा हमासले इजरायलमाथि आक्रमण गरेपछि इजरायल र राष्ट्रसंघबीचको सम्बन्ध झन् बिग्रिएको छ । गुटेरेसले गाजा र लेबनान दुवैमा लडाइँ रोक्न युद्धविरामका लागि बारम्बार आह्वान गरेका छन् । *रासस/एएफपी*



जनवादी गणतन्त्र चीन स्थापनाको ७५औं वार्षिकोत्सवका अवसरमा मंगलबार साँझ हङकङको भिक्टोरिया हार्बरस्थित आकाशमा गरिएको आतिशबाजी ।
*तस्बिरः सिन्हुवा*

## अफगानिस्तानमा बाढीमा परी १३ जनाको मृत्यु, १६ घाइते

**काबुल–** अफगानिस्तानमा भारी वर्षाले नित्याएको आकस्मिक बाढीका कारण कम्तीमा १३ जनाको मृत्यु हुनुका साथै अन्य १६ जना घाइते भएको देशको राष्ट्रिय विपद् व्यवस्थापनका अधिकारीले मंलबार बताएका छन् ।

विगत १० दिनदेखि परेको भारी वर्षाले गजनी, लघमान, नङगरहार, फराह, पक्तिया, बदघिस, हेरात र दयाकुन्डी प्रान्तमा आकस्मिक बाढी ल्याएको राष्ट्रिय विपद् व्यवस्थनपनका प्रवक्ता मुल्लाह जनान स्याकले बताएका छन् । स्याकका अनुसार बाढीले प्रान्तहरूमा पनि ठूलो मात्रामा सम्पत्ति क्षति पुर्‍याएका छ । त्यहाँ १०९ वटा आवासीय घर पूर्ण वा आंशिकरूपमा ध्वस्त भएका छन् भने लगभग ६५० हेक्टर खेतीयोग्य जमिन बगाएको छ ।

गत मेदेखि परेको निरन्तरको वर्षाले गर्दा भएका दुर्घटनाहरूमा ४०० भन्दा बढीको मृत्यु हुनुका साथै सयौं घाइते भएका छन्, भने गम्भीर आर्थिक क्षति भएको जनाइएको छ । रासस/सिन्ह्वा

## म्यानमामा बढ्दो द्वन्द्वकाबीच जनगणना

**याङ्गुन–** म्यानमामा जुन्टा विरोधी समूहले बहिष्कार गरेको राष्ट्रिय जनगणना लागि प्रहरी र सैनिकहरूद्वारा संरक्षित जनगणनाकर्ताहरू बुधबार मैदानमा उत्रिएका छन् ।

देशको ठूलो क्षेत्रमा आफ्नो नियन्त्रण गुमाए पनि सत्तारूढ जुन्टाले जनगणनाका लागि दबाब दिइरहेको छ । म्यानमाको धेरै भागमा रक्तपातपूर्ण द्वन्द्व फैलिएको छ, तर सन् २०२५ मा हुने वाचा गरिएको चुनावअघि मतदाता सूची अद्यावधिक गर्न जनगणना आवश्यक रहेको जुन्टाले बताएको छ ।

सैनिक र सशस्त्र प्रहरीको साथमा गणकको टोलीहरू जनगणनाका लागि याङ्गुनमा घर-घर पुगेका छन् । 'विद्यालयका शिक्षक, स्थानीय अधिकारी, प्रहरी र स्थानीय सैन्य सदस्यहरूले जनगणना गरिरहेका छन् । आधारभूत सैन्य प्रशिक्षणमा सहभागी भएका मिलिसियाहरूले आफ्नो क्षेत्रमा सुरक्षाका लागि सहयोग गरिरहेका छन्,' एक सैन्य अधिकारीले बताए ।

'आतंकवादीहरूको खतराका कारण हामीले जनगणनाका लागि कडा सुरक्षा व्यवस्था लागू गरेका छौं,' उनले भने । जनरल मिन आङ ह्लाइङको नेतृत्वमा रहेको जुन्टाले यसको विरोधमा स्थापना भएको जातीय अल्पसंख्यक सशस्त्र समूहहरू र प्रजातन्त्र समर्थक 'पिपुल्स डिफेन्स फोर्स' (पिडिएफ) को विरोधका बावजुद यो जनगणना आयोजना गरेको हो ।

सेनाले यी समूहहरूमध्ये धेरैलाई 'आतंकवादी' का रूपमा नामित गरेको छ तर गत हप्ता देशको गृहयुद्धमा वार्ताका लागि उनीहरूलाई अभूतपूर्व निमन्त्रणा जारी गरेको थियो । मंगलबारबाट सुरु भएको तथ्यांक संकलनमा मिन आङ ह्लाइङ र अन्य वरिष्ठ जुन्टा कार्यकर्ताहरूबाट जनगणना सुरु भएको थियो । यो सर्वेक्षण अक्टोबर १५ सम्मका लागि निर्धारित गरिएको छ । रासस/एएफपी

## भारतमा हेलिकप्टर दुर्घटना, तीन जनाको मृत्यु

**नयाँदिल्ली–** पश्चिमी भारतको पुणे जिल्लाको बावधन नजिक बुधबार एउटा निजी हेलिकप्टर दुर्घटना हुँदा हेकिप्टरमा सवार तीन जनाको मृत्यु भएको अग्नि नियन्त्रक अधिकारीले बताएका छन् । हेलिकप्टर हेरिटेज एभियसनले सञ्चालन गरेको प्रहरी तथा अग्नि नियन्त्रक अधिकारीहरूले बताएका छन् ।

अधिकारीहरूका अनुसार मुम्बईको दक्षिणपूर्वमा रहेको पुणे सहरको बाहिरी इलाकामा स्थानीय समयअनुसार बिहान ६:४५ बजे दुर्घटना हुदाँ हेलिकप्टरमा आगो लागेको थियो । दुर्घटनामा हेलिकप्टरमा सवार दुई जना पाइलट र एक जना इञ्जिनियरको मृत्यु भएको प्रमुख अग्नि नियन्त्रक अधिकारी देवेन्द्र पोटफोडले पत्रकारहरूसमक्ष बताएका छन् । उनले आफूहरू घटनास्थलमा पुग्दा, हेलिकप्टर दुर्घटनाग्रस्त भएको र यसका सबै भागहरू छरिएको देखेको उल्लेख गरेका छन् ।

अग्नि नियन्त्रक अधिकारीले दुर्घटनामा मृत्युवरण गरेका तीनैजनालाई निकाली उनीहरूलाई प्रहरीलाई हस्तान्तरण गरेको बताएका छन् । हेलिकप्टर विपक्षी राष्ट्रवादी कांग्रेस पार्टीले भाडामा लिएको र मुम्बईतर्फ गइरहेको स्रोतले जनाएको छ ।

दुर्घटनाको आधिकारिक कारण अहिलेसम्म पत्ता लागेको छैन यद्यपि स्थानीय मिडियाले दुर्घटनाको समयमा यस क्षेत्रमा घना कुहिरा लागिरहेकोले दुर्घटना भएको रिपोर्ट गरेका छन् । *रासस/एएफपी*

# सन् २०२८ सम्ममा १० खर्ब डलरको 'डिजिटल अर्थतन्त्र हब' बन्दै भारत

**नयाँदिल्ली–** सरकारको डिजिटल पहलहरूसँगै भारतको वित्तीय परिवेश पछिल्ला केही वर्षहरूमा आमूल परिवर्तनबाट गुज्रेको छ। आस्क क्यापिटलको हालैको प्रतिवेदनले गहिरो इन्टरनेट प्रवेश पहुँच, कुशल र सस्तो फोरजी र फाइभजी सेवाहरू जस्ता सक्षमकर्ताहरूका साथै सरकारी डिजिटल पहलहरूसँगै भारत सन् २०२८ सम्ममा १० खर्ब अमेरिकी डलरको डिजिटल अर्थतन्त्र बन्ने तयारीमा रहेको बताएको छ ।

युपीआईजस्ता घरेलु प्राविधिक आविष्कारहरूबाट लाभ उठाउँदै भारत वास्तविक समयको भुक्तानीको विश्वव्यापी उदाहरण बनेको छ। भारतको डिजिटल रूपान्तरण आर्थिक विकासका लागि 'गेम चेञ्जर' हुने छ । विगत केही वर्षहरूमा स्मार्टफोनको बढ्दो प्रयोगसँगै भारतीय अर्थतन्त्रको डिजिटलीकरणले नगदरहित कारोबार र अनलाइन खरिदलाई प्रोत्साहित गरेको छ ।

इन्डियन काउन्सिल फर रिसर्च अन इन्टरनेसनल इकोनोमिक रिलेसनसका अनुसार डिजिटल क्षमतामा भारतको स्कोरले डिजिटलीकरणको समग्र स्तरमा जापान, बेलायत र जर्मनीजस्ता विकसित राष्ट्रहरूलाई उछिनेको छ । प्रधानमन्त्री जन धन योजना र प्रत्यक्ष लाभ हस्तान्तरण योजनाजस्ता सरकारी पहलहरूले देशमा विश्वव्यापी पहुँच र विस्तारित वित्तीय समावेशीकरणमा मद्दत गरेका छन् ।

मोबाइल र ब्रोडब्यान्डको बढ्दो पहुँचले वित्तीय समावेशीकरणलाई राम्रो बनाउने र नयाँ डिजिटल सेवाहरूलाई बढावा दिने छ। किफायती डेटा, स्मार्टफोन प्रयोगकर्ताहरूको बढ्दो संख्या र ई-कमर्सको वृद्धिले भारतको डिजिटल रूपान्तरणलाई चलाइरहेको छ ।

सन् २०२४ मार्चसम्म भारतीय दूरसञ्चार नियामक प्राधिकरणको



तथ्यांकअनुसार भारतमा लगभग एक अर्ब २० करोड टेलिकम ग्राहक रहेका छन् । इन्टरनेट ग्राहकहरूको संख्या सन् २०२३ मार्चमा ८८ करोड १० लाखबाट बढेर सन् २०२४ मार्चको अन्त्यमा ९५ करोड ४० लाख पुगेको छ । यसमध्ये करिब आधा ग्रामीण क्षेत्रका छन् । पछिल्लो एक वर्षमा सात करोड ३० लाखभन्दा बढी इन्टरनेट ग्राहक र सात करोड ७० लाखभन्दा बढी ब्रोडब्यान्ड ग्राहक थपिएका छन् ।

फोरजी र फाइभजी प्रविधिहरू अपनाउँदा वायरलेस डेटा प्रयोगको कूल मात्रा वर्ष २०२२-२३ मा एक लाख ६० हजार ५४ पिबीबाट २१.६९ प्रतिशतले बढेर सन् २०२३-२४ मा एक लाख ९४ हजार ७७४ पिबी पुगेको छ ।

सन् २०१४ मा भारतको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा ४.५ प्रतिशत योगदान गर्ने डिजिटल अर्थतन्त्रले सन् २०२६ सम्ममा जिडिपीमा २० प्रतिशत योगदान दिने अपेक्षा गरिएको छ । युपीआईले सन् २०२७ सम्म भारतमा कूल खुद्रा डिजिटल भुक्तानीको ९० प्रतिशत योगदान गर्ने अपेक्षा गरिएको छ ।

भारतीय रिजर्व बैंक (आरबिआई) ले एकीकृत ऋण इन्टरफेस (युएलआई) सुरु गर्ने योजना बनाइरहेको छ। यसले विशेषगरी साना र ग्रामीण ऋणीहरूका लागि ऋण प्राप्त गर्न सरल बनाउँछ। स्वास्थ्य सेवा र शिक्षा जस्ता क्षेत्रहरूले डिजिटल भारत पहलबाट ठूलो प्रेरणा पाएका छन् । आयुष्मान भारत डिजिटल मिसनजस्ता स्वास्थ्य सेवा योजनाहरूले देशको एकीकृत डिजिटल स्वास्थ्य पूर्वाधारलाई समर्थन गर्न आधार निर्माण गरिरहेका छन् ।

प्रतिवेदनले भारतमा डिजिटल भुक्तानी एक परिवर्तनको बिन्दुमा पुग्न लागेको र सन् २०२६ सम्ममा १०० खर्ब अमेरिकी डलर पुग्ने अपेक्षा गरिएको छ। भारतीय अर्थतन्त्रको वृद्धि आविष्कार र सरकारको डिजिटलीकरणमा जोड दिएर अझ समावेशी बन्दै छ र प्रतिभाको ठूलो समूहको माध्यमबाट भारतलाई सन् २०२८ सम्ममा १० खर्ब अमेरिकी डलरको डिजिटल अर्थव्यवस्था बन्ने दिशामा अघि बढ्ने अपेक्षा गरिएको छ । *रासस/एएनआई*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६०८०० | प्रति तोला - ० | प्रति तोला - १९३५ |



**बिक्रीमा दुना टपरी** | दसैं नजिकिएसँगै घटस्थापनाका दिन जमरा राख्नका लागि धनगढी उपमहानगरपालिका-१ बनदेवी मन्दिर नजिकै सालको पातबाट दुनाटपरी बनाउँदै र बेच्दै स्थानीय थारु समुदायका महिला । *तस्बिरः तिलकराज ओझा/रासस*

# नेपालको आर्थिक वृद्धिदर ५.१ प्रतिशत पुग्ने प्रक्षेपण

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** विश्व बैंकले चालु आर्थिक बर्ष (सन् २०२५) मा नेपालको आर्थिक वृद्धिदर गत आर्थिक बर्ष (सन् २०२४) को ३.९ प्रतिशतबाट बढेर ५.१ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ ।

उच्च पर्यटक आगमन, जलविद्युत र धान उत्पादनको वृद्धिक आक्रान आर्थिक वृद्धी हुने विश्व बैंकको आज सार्वजनिक नेपाल डेभलपमेन्ट अपडेटः अन्तर्राष्ट्रिय आप्रवासन र नेपालमा यसको प्रभाव विषयक प्रतिवेदनमा उल्लेख छ ।

नेपालको अर्थतन्त्र आगामी आर्थिक बर्ष (सन् २०२६) मा भने ५.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । केन्द्रिय बैंकको लचक मौद्रिक नीति र नियामकीय प्रावधानहरूमा गरिएको सहजीकरणका कारण नेपालको वृद्धिमा निजी क्षेत्रको महत्वपूर्ण योगदान रहने प्रतिवेदनमा उल्लेख छ ।

यद्यपि प्रतिवेदनले बहु जोखिमहरू पनि पहिचान गरेको छ, जसअन्तर्गत वित्तीय प्रणालीमा उच्च जोखिमसहितको निजी क्षेत्रको कर्जा वृद्धिलाई सीमित गर्ने निष्क्रिय कर्जा, लगानी नै प्रभावित हुन सक्ने गरी सम्भावित नीतिको अनिरन्तरता, पूर्वाधार विकासलाई असर गर्ने पुँजीगत खर्चको कार्यान्वयनमा हुन सक्ने ढिलाई, क्षेत्रीय अस्थिरता र व्यापार अवरोध जसले पर्यटन र आन्तरिक मागलाई कम गर्न सक्ने जस्ता जोखिमहरू रहेका छन् ।

'नेपालको अर्थतन्त्र क्रमिक सुधारको मार्गमा छ', राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राध्यापक डा. शिवराज अधिकारीले भने 'बजेटरी प्रक्रियामा सुधार ल्याउँदै पूरा हुने चरणमा रहेका परियोजनाहरूलाई सम्पन्न गरेर पुँजीगत खर्च बढाउने हाम्रो प्राथमिकताले बृहत अर्थतन्त्रको स्थायित्व सुदृढ गर्नेछ, आन्तरिक उत्पादन बढाउनेछ र धेरै रोजगारी सिर्जना हुनेछन् ।'

आप्रवासी श्रमिक प्राप्त गर्ने गल्फ मुलुकहरू र मलेसियामा आएका झट्काहरूले पनि वृद्धिलाई धिमा गर्न सक्छ, खासगरी घरपरिवारको उपभोग, गरिबी निवारण र मानव पुँजी विकासमा भूमिका खेल्ने अन्तर्राष्ट्रिय विप्रेषणमा यसले असर पुर्याउनेछ । तथापि, नेपालको आप्रवासन अत्यन्त महंगो, असमान अवसरहरू र धेरैका लागि प्रक्रिया नै चुनौतिपूर्ण रहेको अवस्था कायम छ । प्रतिवेदनले नेपालको आप्रवासनको फाइदा र लागतका पछिल्ला तथ्यहरू प्रस्तुत गर्दै दिगोपन र प्रतिफल विस्तारको सुनिश्चितता गर्ने उद्देश्यले समावेशी आप्रवासन व्यवस्थापन प्रणाली निर्माणका लागि आवश्यक प्रमुख नीतिगत हस्तक्षेपहरूलाईप्राथमिकताकासाथ उल्लेख गरेको छ ।

'वृद्धिको गतिलाई कायम राख्नु नेपालको विकासका लागि महत्वपूर्ण छ । यसका लागि प्रमुख क्षेत्रहरू जस्तै पूर्वाधार, सुशासन, मानव पुँजी विकास र निजी क्षेत्रमा निरन्तर सुधारको आवश्यकता पर्दछ', विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि राष्ट्रिय निर्देशक डेभिड सिस्लेनले भने, 'नेपालले विदेशी कामदारहरूबाट रेमिट्यान्सबाट धेरै फाइदा हासिल गरेको छ र यी प्रवाहहरूको व्यवस्थापनमा सुधार, विदेशमा काम खोज्ने नेपालीहरूलाई राम्रोसँग सहयोग गर्न र नेपालमा दक्ष नेपालीहरूलाई उत्पादनशील बनाउन वातावरण सिर्जना गर्ने जीवन्त घरेलु अर्थतन्त्रको निर्माण नेपालको भविष्यको लागि महत्वपूर्ण छ ।

सुदृढ र थप समावेशी आप्रवासन व्यवस्थापन प्रणालीले पारदर्शी भर्ना प्रक्रिया स्थापित गर्नेछ, श्रमिकलाई विदेश जान राम्रो तयारी गराउनेछ, श्रम बजारमा आप्रवासीहरूको सुरक्षा र आवतजावतलाई सुनिश्चित गर्नेछ, दीर्घकालका सीप र गन्तव्य विविधिकरणका लागि योजना बनाउनेछ र फर्किएका श्रमिकहरूको पुँजी र सिपलाई प्रभावकारी उपयोग गर्नका लागि सहयोगी वातावरण निर्माण गर्नेछ । अर्धबार्षिक रूपमा प्रकाशित हुने नेपाल डेभलपमेन्ट अपडेटले दीर्घकालीन र विश्वव्यापी दृष्टिकोणसँग सान्दर्भिक गराउँदै पछिल्ला बर्षका आर्थिक विकाससम्बन्धी गहनतम विश्लेषण प्रदान गर्दछ ।

# 'दैनिक उपभोग्य वस्तुको अभाव छैन'

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विपद्जन्य अवस्थाले केही दिन तरकारी अभाव देखिए पनि दैनिक उपभोग्य वस्तुको बजारमा अभाव नरहेको बताएका छन् । उनले बजारमा अभाव हुन नदिन मन्त्रालयले पनि देशका ४४ जिल्लाका ६१ स्थानमा सुपथ मूल्य पसल पनि सञ्चालन गरिएको जानकारी गराए ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) युवा विद्यार्थी विशेष जिल्ला कमिटीको मन्त्रालयमा ज्ञापनपत्र बुझ्दै मन्त्री भण्डारीले विपद्जन्य अवस्था र चाडपर्वका बेला कोही कसैले बजारमा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव गरे वा मूल्यवृद्धि गरे कडा कारबाही गरिने बताए ।

'काठमाडौँमा आउने तरकारी छिमेकी जिल्लाहरू धादिङ, नुवाकोट, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोकलगायत जिल्लाबाट हो, बाढीपहिरोले एकातिर बाटो बन्द भयो, अर्कोतिर वर्षाले तरकारी खेतीमा नोक्सानी गर्यो, त्यसकारण केही दिन तरकारी आयात हुन समस्या भयो र केही मूल्य वृद्धि भएको हो', उनले भने, 'विस्तारै तरकारी आयात भइरहेको छ, मन्त्रालयबाट महङ्गोमा तरकारी बेचेको पाइए कारबाही गर्न मातहतका निकायलाई निर्देशन भइसकेको छ ।'

विगतभन्दा अहिले दैनिक उपभोग्य वस्तुको मूल्य घटेको जनाउँदै मन्त्री भण्डारीले बजारमा कोही कसैले अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा कोही कसैले कालो बजारी तथा मूल्यवृद्धि गरे वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको हटलाइन नं ११३७ मा खबर गर्न आग्रह गरे ।

उनले भने, 'अमूर्तरूपमा कालोबजारी, अभाव र मूल्यवृद्धि भयो भन्ने गरिन्छ, कहाँ छ त्यसो भएको भनेर हामीलाई जानकारी गराउनुस्, हामी तत्काल 'एक्सन' लिएर ठाउँका ठाउँ कारबाही गर्छौं ।' व्यावसायिक शुद्धतासहित जनतालाई अत्यावश्यक वस्तुको उपलब्धताका लागि वाणिज्य मन्त्रालयबाट कुनै कसर बाँकी नराखिएको बताए ।

आधारभूत तहलाई दैनिक उपभोग्य वस्तुको सहज उपलब्धताका लागि मन्त्रालय लागिपरेको उनको भनाइ छ । उनले हरेक अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा कम्तीमा रु पाँचदेखि रु १० सम्म मन्त्रालय मातहतका बिक्री कक्षमा सस्तो मूल्य कायम गरिएको जानकारी गराए ।

मन्त्री भण्डारीले अत्यावश्यक वस्तुका रूपमा रहेको पानीको अधिकतम खुद्रा मूल्यभन्दा बढी लिने जुनसुकै होटल तथा रेष्टुरेन्ट कारबाहीको दायरामा आउने र सो क्रम जारी रहेको बताए । उनले छिट्टै राजमार्गका होटललाई कारबाहीको दायरामा ल्याउने प्रक्रिया भइरहेको जानकारी गराए । मन्त्री भण्डारी कम्तीमा पनि चारवटा होटल भएको ठाउँमा यात्रुवाहक सवारी साधन रोकिनुपर्ने र एकान्तमा सञ्चालन गरिएका होटल कारबाहीको दायरामा आउने बताए ।

एमाले युवा विद्यार्थी विशेष जिल्ला कमिटी इन्चार्ज एवं पार्टीका केन्द्रीय सदस्य रमेश पौडेल, युवा विद्यार्थी विशेष जिल्ला कमिटी अध्यक्ष रामजी सापकोटासहितको टोलीले विपद्जन्य अवस्था र चाडपर्वको मुखमा सहज आपूर्ति गर्नुपर्नेलगायत विभिन्न छबुँदे माग राखेर मन्त्री भण्डारीलाई ज्ञापनपत्र बुझाएको थियो । साथै सो कार्यक्रममा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक राजन पौडेल उपस्थित थिए ।

## सेयरबजारमा करेक्सन

**काठमाडौं (प्रस)–** पछिल्लो दुई कारोबार दिन उच्च अंकले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको उकालो यात्रा आज रोकिएको छ । नेप्से परिसूचक २६ दशमलव शून्य सात अंकले घटेर दुई हजार पाँच सय ९७ दशमलव ४९ को बिन्दुमा कायम भएको हो । तीन सय १० कम्पनीको एक करोड ५१ लाख ९९ हजार सात सय ६३ कित्ता शेयर ८३ हजार ८१ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ७७ करोड ८१ लाख ९५ हजार आठ सय ८१ बराबरको कारोबार भएको छ ।

वित्त समूहको एक दशमलव ७५ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी निर्जीवन बिमा समूहमा एक दशमलव ८२ प्रतिशतको गिरावट देखिएको छ ।

**विपद्बाट बचौं र बचाऔं**

**विपद् आकस्मिक रूपमा आउने हुँदाः**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
- समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमक, एम्बुलेन्सलगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- विपद् आइहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्धार र पुर्नस्थापनामा सहयोग गरौं,
- विपद्सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नौ महिनामा भित्रिए ८ लाखभन्दा बढी पर्यटक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सन् २०२४ को नौ महिनामा आठ लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार यस वर्षको जनवरीदेखि सेप्टेम्बारसम्म आठ लाख १६ हजार तीन सय ३९ पर्यटकले नेपाल भ्रमण गरेका हुन् ।

बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार समग्रमा सन् २०२३ को तुलनामा छ प्रतिशत र सन् २०१९ को तुलनामा चार प्रतिशतले पर्यटक आगमन बढेको छ । अगष्ट महिनाको तुलनामा सेप्टेम्बारमा भारतबाट नेपाल आउने पर्यटक घटेका छन् भने चीनबाट आउने बढेका छन् । अमेरिकी र युरोपियन मुलुकबाट आउने पर्यटक भने बढेका उनले बताए । सेप्टेम्बारमा भारतबाट २२ हजार नौ सय ८४ र अगष्टमा २५ हजार आठ सय ३२ पर्यटक नेपाल आएका छन् । चीनबाट सेप्टेम्बारमा आठ हजार ४२ र अगष्टमा छ हजार छ सय १४ पर्यटक आएका निर्देशक लामिछानेले जानकारी दिए ।

मनसुनका कारण भारतीय पर्यटक घटेका हुनसक्ने अनुमान गरिएको छ । अमेरिकाबाट अगष्ट पाँच हजार छ र सेप्टेम्बारमा १० हजार ८४ पर्यटक नेपाल भित्रिएका छन् । श्रीलंकाबाट सेप्टेम्बरमा चार हजार नौ सय १५ र अगष्टमा चार हजार आठ सय ५१ पर्यटक नेपाल आएका थिए ।

बोर्डका अनुसार गत अगष्टमा मात्र ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका थिए । सन् २०२३ को सेप्टेम्बरमा ९१ हजार १२, सन् २०२२ को सोही अवधिमा ५८ हजार तीन सय १४, सन् २०२१ को सेप्टेम्बारमा नौ हजार नौ सय सात र सन् २०१९ मा ९२ जार छ सय चार पर्यटकले नेपाल भ्रमण गरेका बोर्डले जनाएको छ ।

### कुन महिनामा कति पर्यटक

मार्चमा सबैभन्दा बढी एक लाख २८ हजार एक सय ६७ र सबैभन्दा कम जुलाईमा ६४ हजार पाँच सय ९९ पर्यटकले नेपाल भ्रमण गरेका छन् । अप्रिलमा एक लाख ११ हजार तीन हजार ७६, सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, जनवरीमा ७९ हजार एक सय, फेब्रुअरीमा ९७ हजार चार सय २६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६ र अगस्टमा ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका नेपाल पर्यटन बोर्डले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ